वर्ष : १९, अंक : ४०, काठमाडौं, २०८० माघ २६ गते शुक्रबार, 9 February, 2024, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## संसारमा लोकतन्त्र सबभन्दा राम्रो व्यवस्था हो : महन्थ ठाकुर



महोत्तरी । लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले संसारमा लोकतन्त्र सबभन्दा राम्रो व्यवस्था रहेको बताएका छन् ।

लोसपा मटिहानी नगर कार्य समितिद्वारा शनिबार वड़ा नं. १ सानो धिरापुरमा आयोजित एक कार्यक्रममा बोल्दै ठाकुरले देशको उन्नति आजको आवश्यकता रहेको बताएका हुन् ।

अविकसित देशको सूचीमा रहेको हाम्रो देश संघीयता आए पछि बिकसोउन्मुख देशतिर लागेकोले सबै मिलेर देशको विकास गर्न उनले सबैमा आग्रह समेत गरे । त्यसै क्रममा उनले प्रजातन्त्रमा प्रतिपक्षको भूमिका हुने गरेकोले संसारमा लोकतन्त्र सबभन्दा राम्रो व्यबस्था रहेको जिकिर गरे ।

## 'संघीयता संस्थागत गर्ने जिम्मेवारी मधेश सरकारको'



जनकपुरधाम । मधेश प्रदेशका प्रदेश प्रमुख हरिशंकर मिश्रले संघीयता कसैले भन्दैमा खारेज नहुने बताउँदै यसलाई संस्थागत गर्ने जिम्मेवारी मधेश प्रदेश सरकारको रहेको बताएका छन् । मधेश प्रदेशसभाको छैठौं वार्षिकोत्सवलाई आइतबार सम्बोधन गर्दै उनले मधेश प्रदेश संघीयताको जननी भएकोले सरकारले जनताको चाहना अनुरुपको कार्य गरेर देखाउनु पर्ने आग्रह गरेका हुन् ।

मुख्यमन्त्री सरोजकुमार यादवले सरकार र संसद एकै रथका दुई पांग्रा भएको बताउँदै गठबन्धनहरु फेरिदैं गएको विभिन्न निर्वाचनहरुले गर्दा जुन गतिमा कामहरु हुनुपर्थ्यो हुन नसकेको स्वीकारे । उनले आफ्नो नेतृत्वमा सबै दल सामेल भएको र आफूले मन्त्रीहरुलाई विकास केन्द्रित असल कामहरु गर्न मात्र भनेको स्पष्ट पारे ।

उनले संघीयतालाई बलियो बनाउने संदर्भमा पटक-पटक प्रधानमन्त्रीसँग संवाद भएको प्रसंग कोट्याउँदै प्रधानमन्त्रीलाई आफूले सकारात्मक पाएको अनुभव पनि सुनाए । सरकारमा हुँदा सब ठीक, नहुंदा सब बेठीक यो सोच सही भएन, एक प्रदेशसभा सदस्यको प्रश्नको जवाफ दिँदै मुख्यमन्त्री यादवले गुनासो गरे ।

भौतिक पूर्वाधार विकासमन्त्री कृष्ण प्रसाद यादवले यो प्रदेश बनाउँदै पूर्वाग्रही भएर बनाइएको चर्चा गर्दै ढिला भएपनि विकृति चिरेर आफूहरु अघि बढेको बताए । मास्टर प्लान अनुसार मधेश प्रदेशस्तरीय काम हुनेछ, तपाईंहरुको साथ चाहिन्छ उनले भने ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री गोविन्दबहादुर न्यौपानेले मधेशमा समुचित रुपमा उत्पादन हुन सकेन भने पूरा देश भोकै बस्छ भने । उनले भने, 'एकातिर अधिकार लिने कुरा छ अर्कोतिर विकास गर्ने कुरा छ, हामी सुतेका छैनौ, कृषि क्षेत्रमा धेरै काम गर्नुछ । यो पहिलो बर्ष हो, अर्को बर्ष हामी गरेर देखाउँछौ,' मन्त्री न्यौपानेले वचनबद्धता व्यक्त गरे ।

बाँकी अन्तिम पृष्ठमा

## गठबन्धनले फालेपछि माधव नेपालको हैसियत रहदैन : अध्यक्ष ओली



राकेश यादव, रौतहट । नेपाल कम्युनिस्ट पार्टी (एमाले)का केन्द्रीय अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले २०८४ मा नेकपा एमालेको बहुमतको सरकार बन्ने बताएका छन् । उनले मिशन ८४ अभियानले नै एमाले सरकारको नेतृत्व गर्ने दावी गरे । बिहीबार रौतहट जिल्लाको गरुडास्थित श्रीराम सुगर मिल्सको प्राँगणमा आयोजित नेकपा एमाले रौतहटको जिल्ला अधिवेशनको उद्घाटन गर्न आएका केन्द्रीय अध्यक्ष ओलीले सम्बोधन गर्दै एमालेको सरकार बने देशमा विकास, समृद्धि, सुशासन आउने बताए । गठबन्धनको सरकार माथि कटाक्ष गर्दै ओलीले नेकपा एमाले सरकारमा गएपछि पैसा छैन भन्दैन, तलब पनि बढाउँछ, जेष्ठ नागरिकको भत्ता बढाउँछ र नयाँ-नयाँ योजना कार्यान्वयन गर्ने बताए । गठबन्धन सरकारको कारण मुलुकमा अराजकता, बेरोजगारी र भ्रष्टाचारी बढेको टिप्पणी गरे । सत्ता गठबन्धनको सरकार असफलतातर्फ बढेकोले बर्तमान सरकारबाट आर्थिक समृद्धि, सुशासन कायम हुन नसक्ने दावी गरे ।

नेकपा एमाले सरकारमा भएको बेला सडक विस्तार, बैदेशिक रोजगारमा जाने युवाको संख्यामा कमी, शिक्षामा महिलाहरुको सहभागिता, अपांग, दलित, मुस्लिम, बृद्ध महिला, पुरुष, एकल महिलाले पाउने सामाजिक भत्तामा बृद्धि गरेको जिकिर गरे ।

नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधव कुमार नेपालप्रति लक्षित गर्दै ओलीले १५ वर्ष पार्टीको प्रमुख, प्रधानमन्त्री बनाएर राखेकोमा धोखा दिने अर्को पल्ट कुनै पनि हालतमा नजित्ने ठोकूवा गरे । उनले भने, 'दुई तिहाईको सरकारलाइ धराशाही गर्ने नेपालको हैसियत अरुको खुट्टा कमाउनेमा पुगेको छ ।'

पार्टीले सञ्चालन गरेको मिशन ८४ अभियान पूरा गर्न जनताको माझमा गएर जनताको दुःख पीड़ा सुनेर सभ्य, शालीन विनम्रता अपनाएर समाधान गर्न पार्टीका नेता कार्यकर्तालाई निर्देशन समेत दिएका ओलीले ८४ को निर्वाचनमा रौतहटको ४ संसदीय, ८ प्रादेशिक तथा १८ स्थानीय तह र प्रत्येक वडामा एमाले जित्नु पर्ने बताए । गठबन्धनको भक्त भएका माधव कुमार नेपाललाई गठबन्धनले फालेपछि घरको नघाटको हुने भन्दै तीखो आलोचन गर्दै पूर्वप्रधानमन्त्री ओलीले एमालेसित गद्दारी गर्ने प्रभु साह पनि आफ्नै नगरपालिकामै सीमित भएर बस्ने बताए ।

कार्यक्रममा कोशी प्रदेश इन्चार्ज रघुवीर महासेठ, मधेश प्रदेश इंचार्ज योगेश भट्टराई, केन्द्रीय सदस्य अजय कुमार गुप्ता, लेखा समिति सदस्य राजकिशोर प्रसाद यादव, जिल्ला इंचार्ज पुरुषोत्तम पौडेलले आ-आफ्नो मन्तव्य राखेका थिए ।


जिल्ला संयोजक सचितानन्द साहको अध्यक्षता भएको कार्यक्रममा विभिन्न पार्टी परित्याग गरी सयौंको संख्यामा पार्टी प्रवेश गरेका छन् ।

# गणतन्त्रवादीहरूले फुके बिगुल

जनकपुरधाम । जनकपुरधाममा संघीयता, लोकतन्त्र र गणतन्त्र विरुद्ध अराजकता फैलाउने कोशिश गरिरहेका तत्वहरु विरुद्ध गणतन्त्रवादीहरूले बिगुल फुकेका छन् ।

तराई-मधेश लोकतान्त्रिक पार्टीको वरिष्ठ नेता डा. विजय कुमार सिंहको निवासमा भएको तमलोपा, नेपाली काँग्रेस, नेकपा एमाले, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) लगायत राजनीतिक नेताहरुको बैठकले 'शहीदहरुको अमूल्य शहादत र जनताको निरन्तरको संघर्षले प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रको संरक्षण र सम्वर्द्धनको निमित्त कुनै पनि मूल्य चुकाउन सदैव तत्पर रहेको सबै प्रतिक्रान्तिवादी प्रतिक्रियावादीहरुलाई चेताउँदछौं ।' भनेका छन् ।

तमलोपा अध्यक्ष वृषेशचन्द्र लाल तथा वरिष्ठ नेता डा. विजय कुमार सिंह, नेपाली काँग्रेसको नेता रामसरोज यादव तथा जीवनाथ चौधरी, नेकपा एमालेका जिला अध्यक्ष राजकिशोर यादव, वामपन्थी बुद्धजीवी रोशन जनकपुरी, नेकपा एकीकृत समाजवादीको जिला अध्यक्ष रामचन्द्र पण्डित तथा नेता शीतल झा, नेकपा एमालेका संतोष यादव, तमलोपाका रामजी रायले संयुक्त वक्तव्य प्रसारित गर्दै 'जनताको सर्वोच्चता र संविधानको प्रस्तावना र अपरिवर्तनीय प्रावधान विपरित अराजकता फैलाउने तत्वहरुमाथि सरकार र प्रशासनको कारगर कारवाहीको आभावले आउने दिनहरुमा स्थिति अनियन्त्रित नहोस् भन्नेतिर सरकार र प्रशासनिक निकायहरुको ध्यानाकर्षण गराउँदै यसका विरुद्ध सम्पूर्ण गणतन्त्रवादी बौद्धिकवर्ग, युवा, विद्यार्थी, मजदूर-किसान, व्यवसायी र नागरिक समाजका सबै अंगलाई आ-आफ्नो सतरबाट सक्रियताका साथ अग्रसर हुन' अपील गरेका



प्रेस विज्ञप्ति

मिति २०८०।१०।२३

जनताको लामो संघर्ष र अमर शहीदहरुको बलिदानले सामन्ती, निरंकूश, केन्द्रीकृत, एकात्मक राज्य व्यवस्था र त्यसको मूल केन्द्र निरंकूश राजशाहीको अन्त्य गर्दै नेपालका जनताले संघीय लोकतान्त्रिक गणतन्त्रको खुला आकाशमा नयाँ युगमा प्रवेश गरेका छन् । यसले जनताको सर्वोच्चता अर्थात् देश र राज्यको सम्पूर्ण शक्ति जनतामा निहित रहेको स्थापित भएको हो । जनता नै सर्वोच्च र सार्वभौमसत्ता सम्पन्न शक्ति हो । जनताको शक्ति कुनै व्यक्ति वा पेंचमा हुँदैन, रहन सक्दैन । मुलुक र माटो जनताको हो कसैको व्यक्तिगत आर्जेको सम्पति होइन, हुन सक्दैन । त्यसैले गणतन्त्र, लोकतन्त्र र संघीयता हाम्रो प्राण हो । जनताको निमित संघर्ष नगरेका नहोमिएकाहरु यसको अर्थ र मूल्य बुझ्न सक्दैनन् । शहीदहरुको अमूल्य शहादत र जनताको निरन्तरको संघर्षले प्राप्त यस उपलब्धिको संरक्षण र सम्वर्द्धनको निमित्त गणतन्त्रवादीहरु कुनै पनि मूल्य चुकाउन सदैव तत्पर रहेको सबै प्रतिक्रान्तिवादी प्रतिक्रियावादीहरुलाई चेताउँदछौं ।

नेपालमा राजतन्त्रको इतिहास आतातायी, छलफलपूर्ण आक्रमण, जीउज्यान, इज्जत र सर्वस्व हरण, नाक-कान काट्ने, व्यक्तिगत अनुचित कारणले राज्यको शक्ति बन्धक-बिक्री गर्ने, जन-अधिकार र लोकतन्त्र खोस्ने, प्रतिगमन गर्ने , सत्तालिप्साको निमित्त मारकाट गरी वंश नै निर्मूल गर्ने र धर्म को आवरणमा सोझा-साझा जन साधारण लाई धूर्तता पूर्ण ढंग ले भ्रमित गरी निरंकुश राज गर्ने कुकृत्य ले भरिएको इतिहास हो । यस्तो व्यवस्था को वकालत गर्नेहरु कस्ता चरित्रका होलान् आफैं स्पष्ट हुन्छ ।

विगत केही दिनदेखि विभिन्न नाममा जनतालाई भ्रमित गर्दै केही प्रतिक्रान्तिवादी शक्तिहरु राजतन्त्र फर्काउने षड्यंत्र को व्यापार गर्दैछन् । जनताको सर्वोच्चता र संविधान को प्रस्तावना र त्यस्को अपरिवर्तनीय प्रावधान विपरीत, अराजकता फैलाउने तत्वहरुमाथि सरकार र प्रशासनको कारगर कारवाहीको आभावले आउने दिनहरुमा स्थिति अनियन्त्रित नहोस् भन्नेतिर सरकार र प्रशासनिक निकायहरुको ध्यानाकर्षण गर्दै यसका विरुद्ध सम्पूर्ण गणतन्त्रवादी बौद्धिकवर्ग, युवा, विद्यार्थी, मजदूर-किसान, व्यवसायी र नागरिक समाजका सबै अंगलाई आ-आफ्नो स्तरबाट सक्रियताका साथ अग्रसर हुन अपील गर्दछौं ।

छन् ।

जारी प्रेस विज्ञप्तिमा आगाडि भनिएको छ - ' जनताको लामो संघर्ष र अमर शहीदहरुको बलिदानले सामन्ती, निरंकूश, केन्द्रीकृत, एकात्मक राज्य व्यवस्था र त्यसको मूल केन्द्र निरंकूश राजशाहीको अन्त्य गर्दै नेपालका जनताले संघीय लोकतान्त्रिक गणतन्त्रको खुला आकाशमा नयाँ युगमा प्रवेश गरेका छन् । यसले जनताको सर्वोच्चता अर्थात् देश र राज्यको सम्पूर्ण शक्ति जनतामा निहित रहेको स्थापित भएको हो । जनता नै सर्वोच्च र सार्वभौमसत्ता सम्पन्न शक्ति हो । जनताको शक्ति कुनै व्यक्ति वा पेंचमा हुँदैन, रहन सक्दैन । मुलुक र माटो जनताको हो कसैको व्यक्तिगत आर्जेको सम्पत्ति होइन, हुन सक्दैन । त्यसैले गणतन्त्र, लोकतन्त्र र संघीयता हाम्रो प्राण हो ।'

त्यस्तै विज्ञप्तिमा राजतन्त्रप्रति कटाक्ष गर्दै 'नेपालमा राजतन्त्रको इतिहास षडयन्त्र, आक्रमण, जीउज्यान इज्जत र सर्वस्वहरण, नाककान काट्ने, व्यक्तिगत र अनुचित कारणलर राज्यको शक्ति बन्दक-बिक्री गर्ने, जनअधिकार र लोकतन्त्र खोस्ने, प्रतिगमन गर्ने, सत्तालिप्साको निमित्त मारकाट गरी वंश नै निर्मूल गर्ने र धर्मको आवरणमासोझा-साझा जन साधारणलाई धूर्तापूर्ण ढंगले भ्रमित गरी निरंकूश राज गर्ने कुकृत्यले भरिएको इतिहास हो ।' भनिएको छ ।

केही दिनदेखि राजतन्त्रका कुरा गर्नेहरुलाई प्रतिक्रान्तिवादी भन्दै तिनी विरुद्ध एकजूट हुन यसरी अपील गरिएको छ -'विभिन्न नाममा जनतालाई भ्रमित गर्दै केही प्रतिक्रान्तिवादी शक्तिहरु राजतन्त्र फर्काउने षडयन्त्रको व्यापार गर्दैछन् । जनताको सर्वोच्चता र संविधानको प्रस्तावना र अपरिवर्तनीय प्रावधान विपरित अराजकता फैलाउने तत्वहरुमाथि सरकार र प्रशासनको कारगर कारवाहीको आभावले आउने दिनहरुमा स्थिति अनियन्त्रित नहोस् भन्नेतिर सरकार र प्रशासनिक निकायहरुको ध्यानाकर्षण

बाँकी अन्तिम पृष्ठमा

## डा.अहिराजद्वारा पृथ्वी नारायण शाहको नाममा छात्रवृत्ति कोष स्थापना

सप्तरी । राष्ट्र निर्माता पृथ्वी नारायण शाहको नाममा सप्तरीको रूपनगर नन्दराज संग्रौला क्याम्पसमा छात्रवृत्ति कोष स्थापना गरिएको छ ।

सप्तरीको रूपनगरस्थित नाफा नकमाउने, समुदायद्वारा सञ्चालित यस क्याम्पसमा आयोजित एक समारोहमा मधेश प्रदेशका पूर्वप्रदेश प्रमुख डा. राजेश अहिराजले एक लाख एक हजार रूपैयाँ हस्तान्तरण गरेर 'राष्ट्र निर्माता पृथ्वी छात्रवृत्ति कोष' शुभारम्भ गरेका हुन् ।

रूपनगर क्याम्पसमा अध्ययन गर्ने विपन्न तथा जेहनदार विद्यार्थीहरूलाई उच्च शिक्षामा सघाउने उद्देश्यले आरम्भ गरिएको अक्षय कोष रकममा प्राप्त हुने बैंक व्याजबाट छात्रवृत्ति उपलब्ध गराइने जानकारी क्याम्पसले दिएको छ ।

अक्षय कोषको आकार एक करोड रूपिया पुऱ्याउने तत्कालीन लक्ष्य राखिएको कुरा क्याम्पस प्रमुख प्राध्यापक दीपक कुमार गजुरेल बताउँछन् । 'अक्षय कोषलाई १० करोड रूपियाको बनाएर यो क्याम्पसमा अध्ययन गर्ने सबै छात्र-छात्रालाई निशुल्क



शिक्षा दिने हाम्रो सपना हो,' भन्ने प्राध्यापक गजुरेल गाउँमा उच्च गुणस्तरको शिक्षा उपलब्ध गराउने लक्ष्य राखेका छन् ।

डा. राजेश अहिराजको योगदानबाट प्रभावित भएर क्याम्पसका अध्यक्ष गिरिराज संग्रौलाले 'राष्ट्र निर्माता पृथ्वी छात्रवृत्ति कोष' मा ५१ हजार रूपिया थप गर्ने घोषणा तत्काल गरे । अक्षय कोषमा रूपनगर निवासी राम प्रसाद खतिवडाले २१ हजार एक सय ११ रूपिया, प्रमीला खतिवडाले ११ हजार एक सय ११ रूपिया र दुवलक्ष्मी श्रेष्ठले १० हजार रूपिञा योगदान गरे ।

विशिष्ठ अतिथिको आशनबाट समारोहलाई सम्बोधन गर्दै डा. अहिराजले गाउँका विद्यार्थीका लागि केही गरौँ भनेर यो क्याम्पस रोजेको बताए । 'मृत्यु पछिको जीवन समेतलाई सार्थक बनाउन मानिसले आफ्नो आर्जनको न्यूनतम् दश प्रतिशत सामाजिक सेवामा लगाउनु पर्छ,' उनले भने ।

उच्च अदालत धनकुटा इजलासका मुख्य न्यायाधीश डा. रत्न बहादुर बागचन्दले यो छात्रवृत्तिबाट विद्यार्थीहरू प्रोत्तसाहित हुने आशा व्यक्त गरे । 'शिक्षा गुणस्तरीय नभए सम्म समाजले उन्नति गर्न सक्तैन,' भन्दै डा. बागचन्दले हामी सबैले शिक्षालाई प्राथमिकतामा राख्नु पर्ने आवश्यकता औंल्याए ।

कार्यक्रमलाई सम्बोधन गर्दै कञ्चनरूप नगरपालिकाकी उपप्रमुख मुना पोखरेलले विद्यार्थीहरूलाई आफूले र नगरपालिकाका तर्फबाट हरेक तवरले सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरिन् ।

शिक्षाको मन्दिरमा गुरुको स्थान उच्चतम् हुने

बाँकी अन्तिम पृष्ठमा

## मधेश प्रदेशका ४७ स्थानीय तहसँग सम्झौता

महोत्तरी । अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा योजनामा आबद्ध हुन मधेश प्रदेशका तिन जिल्ला सर्लाही, महोत्तरी, धनुषाका ४७ स्थानीय तहले एकै पटक सम्झौता गरेका छन् ।

माघ २० र २१ गते श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरत्सिंह भण्डारीको प्रमुख आतिथ्यतामा महोत्तरी जिल्लाको बर्दिबासमा भएको स्थानीय तहसँग सामाजिक सुरक्षा कोष कार्यक्रमको समापनमा कोषका तर्फबाट कार्यकारी निर्देशक कविराज अधिकारी र स्थानीय तहको तर्फबाट जनप्रतिनिधिले श्रमिकलाई सामाजिक सुरक्षा योजनामा लैजान सम्झौता पत्रमा हस्ताक्षर गरेको श्रम मन्त्रीका स्वकीय सचिव रंजित निस्पक्षले जनाएका छन् । सम्झौतामा हस्ताक्षर गर्ने कार्यक्रममा



श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री भण्डारीले एकैपल्ट ४७ स्थानीय तहसँग सम्झौता गरेर मधेश प्रदेशका तीन जिल्ला सर्लाही, महोत्तरी र धनुषा इतिहासको सुरुवात गरेको बताए ।

सामाजिक सुरक्षा कोषका अनुसार सम्झौता बमोजिम कृषि, निर्माण, यातायात र घरेलु श्रमिकसहित स्वरोजगार व्यक्तिले सरकारले तोकेको आधारभूत पारिश्रमिक १० हजार आठ सय २० को ११ प्रतिशत हुन आउने एक हजार एक सय ९० रुपैयाँ मासिक रूपमा योगदान गर्नुपर्छ ।

त्यसमा स्थानीय तहले उक्त रकमको ९.३७ प्रतिशत अर्थात एक हजार १३ रुपैयाँको योगदान गर्नेछन् । त्यसबाट विभिन्न योजनामा श्रमिकले सुविधा पाउनेछन् । औषधोपचार, स्वास्थ्य र सुरक्षित मातृत्व सुरक्षा, दुर्घटना तथा अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र वृद्धावस्था सुरक्षा योजना अन्तर्गत योगदानकर्ताले सुविधा पाउनेछन् ।

## सम्पादकीय

# मधेश बनाउने अभियानमा लागौं

बदलिँदो परिस्थितिमा सामाजिक न्याय तथा समानताको सिद्धान्तमा मौलिक तथा संवैधानिक हकसमेतमा प्रत्याभूत हुने गरी आर्थिक समृद्धिको प्रमूख अव्यवको रूपमा कृषिलाई अंगिकार गर्नु मधेशको विकासको मूलमन्त्र हुन सक्दछ । मधेशको हरेक सम्भावनालाई दृष्टिगत गरी अन्नबालीमा धान, गहुँ र मकै, दलहनमा मसुर, अरहर, चना, केराउ, मूग र मास, तेलहनमा तोरी, सूर्यमूखी, बदाम, तिल र कुसुम, विभिन्न नगदे तरकारी बालीमा आलु, प्याज, लसुन, टमाटर, खुर्सानी, उँखु, सूर्ती, कपास, जुट आदिका साथै र फलफूलमा आँप, लिची, कटहर, केरा, अम्बा, मेवा, सोहजन, अनार तथा विभिन्न किसिमका फूलहरूको उत्पादनमा जोड दिनु आवश्यक देखिन्छ । त्यस्तै मधेशको अति उत्पादनशील मत्स्यपालन, पशुपन्छी पालनको प्रवर्द्धन गर्नु पर्ने हुन्छ । कृषिलाई मर्यादित, नाफामूखी बनाउन कृषकहरूको समूह, सहकारी, संगठन तथा निजी क्षेत्रको माध्यम आवश्यक पहल गरिनु जरूरी छ ।

अत: यी सबै कुरालाई मनन गरी राजनीतिक विराम पछि सम्पूर्ण राजनीतिक दल, नागरिक समाज, बौद्धिक वर्ग, कृषक तथा कृषिसँग आवद्ध युवा, समुदाय, समूह सहकारी, अगुवा, व्यापारी, उद्योगी, संचार जगत, आदिले तराई मधेश बनाउने अभियानमा लाग्यो भने मधेशमा गरिबी, पछौटेपन र विपन्नताबाट समृद्धि तर्फ लाग्ने विश्वास गर्न सकिन्छ ।

मधेश राजनीतिलाई सबैभन्दा बढी मनोवैज्ञानिक प्रभाव गरिरहेको अर्को तत्व हो, प्राकृतिक स्रोत र साधनको अन्तर्निर्भरता र सामाजिक अन्तर्घुलनको अनुमति, मधेश आन्दोलनताका यो भावना र बुझाई निकै कमजोर थियो । के भनिन्थ्यो भने मधेशमा सबैथोक छ, पहाडमा केही पनि छैन, पहाड बिना पनि मधेश बाँच्न सक्दैन । अहिले यो उग्रतालाई पुन: विचार गर्न कसैले प्रभावित गरिरहेको छ भने प्राकृतिक स्रोत र साधनको स्थितिले गरिरहेको छ । मधेशमा उर्वर जमिन, जनसंख्या, विकास पूर्वाधार र अर्थतन्त्रको गति छ, तर आधुनिक राज्यको भविष्यका लागि यति कुराहरू मात्र पर्याप्त छैनन् । अर्थतन्त्रका नयाँ संभावनाका रूपमा देखिएका जलविद्युत पर्यटन, जडिबुटी, फलफूल खेती, खनिज र खानीहरूको महत्वलाई मधेशी विद्वत वर्ग र शिक्षित युवाहरूले राम्ररी पर्गेल्न थालेका छन् । चुरे पहाडको वनविनाश मधेशमा तनाव र दु:खको कारण बन्ने गरेको छ । ढुंगा, गिटी, बालुवा, रोडा र सिमेन्ट बनाउने चुनढुङ्गाको आवश्यकता मधेशलाई कम छैन । प्राकृतिक अन्तर्निर्भरता मात्र हैन, सामाजिक अन्तर्घुलन मधेश राजनीतिको सोंचलाई प्रभावित गर्ने अर्को महत्वपूर्ण कारक तत्व हो । थुप्रै मुख्य मधेशी नेताहरू पहाडी समाजसँग कुनै न कुनै नाता र साइनोमा गाँसिएका छन् । नेपाल राज्यको शक्ति संरचनालाई पहाडी जनमतको समर्थन र भरथेग छ भन्ने बुझाई पनि मधेश राजनीतिले बदल्दै लगेको छ । आधुनिक, लोकतान्त्रिक, सभ्य र उन्नत भनिएको अमेरिकामा नै पनि ब्लैक प्यान्थर आन्दोलन भएको करिब ५० वर्षपछि मात्र काला बाराक ओबामा राष्ट्रपति चुनिन सके । तर नेपालमा मधेश आन्दोलन भएको पाँच वर्ष नबित्दै मधेशी समुदायका राष्ट्रपति र उपराष्ट्रपति बन्न सके । बाराक अझै पनि पूर्ण काला हैनन् । काला बाबु र गोरी आमाका सन्तान हो । यो तुलना पनि मधेशी जनमतले गरिरहेको देखिन्छ । यस्ता थुप्रै वैचारिक तथा मनोवैज्ञानिक कडीभित्र मधेशी राजनीति अहिले एउटा ठूलो मौनता, स्तब्धता र आत्मानुभूतिको अवस्थामा छ । भन्न सकिन्न यो आत्मानुभूतिपछि यसले कस्तो कोल्टे फेर्दछ । मधेशी युवाहरूलाई सबै प्रकारका हिनताभाषहरूबाट माथि उठाउनु र सिङ्गो राष्ट्रको नेतृत्व गर्न सक्ने आत्मविश्वासबाट ओतप्रोत गर्नु सायद यतिखेर सबैको दायित्व हो ।

# नेपालमा आर्थिक गरीबी कि दर्शनको गरीबी ?

आखिर राजा, राणा, खस शासकहरू विगत २५० वर्षदेखि निरन्तर सबै नेपालको विकास गर्न र नेपाललाई धनी बनाउन असफल हुनुमा केही दार्शनिक समानता त होला? त्यो दार्शनिक समानता यही हो। आखिर नेपालको विकास किन भएन र नेपाल किन गरीब रहिरह्यो?

कुनै कालमा कसैले - राजाले, राणाले वा कुनै पनि पार्टीले यो भन्ने हिम्मत गर्यो कि विद्यालय नि:शुल्क हुने छैन, स्वास्थ्यसेवा नि:शुल्क हुने छैन, रोजगारी मैले दिन्न, सामाजिक सुरक्षा मैले दिन्न ? कि एक कक्षा पढ्न पनि पैसा लाग्नेछ, सानो स्वास्थ्य सेवाको लागि पनि पैसा लाग्नेछ?

हामीलाई लाग्छ, सबै कालमा पाइने एउटा समानता यहीं निर छ । नेपाल विकासित र आर्थिक रूपमा समृद्ध नहुनुको पछाडिको दार्शनिक कारण यही अनौठो सुनिने उद्घोषमा लुकेको छ ।

वि.सं. २००७ सालसम्म नेपालको राजनीति दरबारबाहिर खासै निस्किन सकेको थिएन र त्यतिबेलासम्म सामन्तवादी युगमा नेपाल थियो । राजा र राणाहरूको मुख्यकाम जनताबाट कर उठाउनु नै थियो। त्यसबाहेक जनताले राज्यसँग आशा गर्ने ठाउँ पनि थिएन । तर त्यतिबेला पनि कुनै राजा वा राणा शासकको मूल्याङ्कनको आधार के हो भन्दा उसले जनतालाई टुँडीखेलमा भोज दियो कि दिएन, कपडा बाँड्यो कि बाँडेन भन्ने नै हो ।

नेपाल विस्तार गर्दादिखि सामन्तवादी सामाजिक व्यवस्था भनिए तापनि त्यसमा पनि केही चरित्र "समाजवादी" थियो। दासहरूसँग काम मात्रै लिइँदैनथ्यो, शिक्षा दिनु परे, उपचार गराउनु परे कसले गर्थ्यो ? गाउँका मुखिया, जमीन्दार, भलमन्सा वा कर अधिकारीले गर्दथ्यो । त्यो उनीहरूको जिम्मा थियो । यसले परनिर्भरता शुरूदेखि नै नेपाली समाजको मानसिकतामा विकास गर्यो। शिक्षा दिने कसको काम हो? राज्य को। स्वास्थ्य उपचार गराइदिने कसको काम हो? राज्यको रोजगारी दिने काम कसको हो? राज्यको । सामाजिक सुरक्षा दिने काम कसको हो? राज्यको खानेकुरा छैन, दिने काम कसको हो? राज्यको । यसले जनतामा शुरूदेखि नै राज्यनिर्भरता उत्पन्न गर्यो । समाज 'लेथरजिक भएर आयो।

वि.पी. कोइरालाको नेत्तृत्वमा वि.सं. २००३ सालमा नेपाल राष्ट्रिय कांग्रेसको स्थापना भएको थियो जसलाई वि.सं. २००६ सालमा नेपाल प्रजातान्त्रिक कांग्रेससँग एकीकरण गरिएपछि 'नेपाली कांग्रेस" बन्यो । बीपी कोइरालाले २००५ साल असोजमा युगवाणी पत्रिकामा हाम्रो ध्येय' शीर्षकमा तीन पृष्ठजतिको दस्तावेज सार्वजनिक गरेका थिए । २००८ सालमा बालचन्द्र शर्मा, केदारमान व्यथित र भरतमणि शर्माले बीपीको विचारधारामा आधारित रही 'नेपाली कांग्रेसका लागि लोकतान्त्रिक समाजवादी घोषणापत्र २००८ लेखेका थिए । थिए । प्रजातान्त्रिक समाजवादी अवधारणा केन्द्रित सो घोषणापत्र २०१२ सालको वीरगन्जमा आयोजित छैठौं महाधिवेशनले अनुमोदन गरेको थियो। त्यसले राजनीतिक प्रणालीमा वैधानिक राजतन्त्र अन्तर्गतको प्रजातान्त्रिक समाजवाद, जनताले चुनेका प्रतिनिधिप्रति उत्तरदायी हुने, बालिगमताधिकार, एक सदनीय संसद, विकेन्द्रित प्रशासन, स्वतन्त्र न्याय विभाग, लिंग वर्ण एवं जातिको निरपेक्ष राजनीतिक एवं नागरिक अधिकार, लोकसेवाबाट कर्मचारी नियुक्ति, रजौटा प्रथाको उन्मुलन, सरकारी व्ययको लेखापरीक्षण लगायतका लक्ष्य थियो। आर्थिकमा भने, शिक्षामा प्राथमिक शिक्षालाई अनिवार्य सार्वजनिक शिक्षा गरिनुपर्ने लगायतका विषय समेटिएको थियो। उसको ध्येय "प्रजातान्त्रिक पद्धतिबाट समाजवादी अर्थ व्यवस्थाको स्थापना गर्नु थियो। निशुल्क प्रारम्भिक शिक्षा अनिवार्य रूपमा लागू गर्ने, आधारभूत उदयोगहरू सरकारले कुटीर एवम् लघु उद्योग सहकारीका आधारमा र निजि उद्योगलाई उपभोक्ता सामग्रीका लागि राख्ने र उद्योगहरूको सञ्चालनमा मजदूर वर्गको हात हुनु पर्दछ भन्ने अवधारणा सो घोषणापत्रमा समेटिएको थियो । नेपाली काँग्रेसको राजनैतिक दर्शन २०४७ सालमा प्रजातन्त्रको पुनर्स्थापना भएर नवउदारवादी नीति अँगाल्दासम्म मूलत: यही थियो। २०४८ को आमनिर्वाचन पछि नेपाली काँग्रेसले बहुमतको सरकार बनाए पछि नवउदारवाद अँगाल्दै निजीक्षेत्रको बृहत्तर भूमिका स्थापित गर्नका लागि आमूल नीतिगत परिवर्तन गर्दैं अर्थतन्त्रका अधिकांश क्षेत्रमा निजी साझेदारी, सहकारी र गैरसरकारी क्षेत्रलाई खुल्ला गरियो। नेपाली काँग्रेसको १४औं महाधिवेशनमा महामन्त्रीका उम्मेदबार गगन थापाले सामाजिक लोकतन्त्रलाई आधार मान्दै 'समुन्नत नेपाललागि सैद्धान्तिक रूपरेखा १५ बूँदाहरूमा चर्चा गर्दै नेपाली काँग्रेसलाई नवउदारवादबाट रूपान्तरणको प्रस्ताव गरेको छ।

२००६ भाद्र ३० गते क. पुष्पलालद्वारा जारी गरिएको नेपाल कम्युनिस्ट पार्टीको पहिलो घोषणापत्रमा पूँजीवाद र साम्राज्यवादको विरोध गर्दै बैंक, औद्योगिक तथा यातायात व्यवसाय, बगान आदिमा लगाइएको विदेशी पुँजी राज्यद्वारा जब्त गर्ने र ती व्यवसायहरूको राष्ट्रियकरण गर्ने, ठुलठुला उद्योगहरू, ठुला बैंकहरू र बिमा कम्पनीहरूको राष्ट्रियकरण गर्ने, मजदुर नियन्त्रणको ग्यारेन्टी गर्ने, न्यूनतम जीवनयोग्य ज्यालाको व्यवस्था गर्ने, आठ घण्टाको कामको दिन मान्ने, मुलुकका साधन स्रोतहरूको विकास गर्न आर्थिक योजना र मुख्य-मुख्य आर्थिक केन्द्रहरूबाट ठुलो व्यवसायलाई हटाउने, निजी उद्योगहरूको नाफामाथि नियन्त्रण गर्ने, प्रजातान्त्रिक शिक्षा प्रणालीको व्यवस्था गर्ने, मुफ्त अनिवार्य प्राथमिक शिक्षा र उच्चस्तरमा सस्तो शिक्षाको व्ययस्था गर्ने जस्ता कुराहरू समावेश गरिएका थिए ।

२०४९ साल माघमा नेकपा (एमाले) को पाँचौं महाधिवेशनमा तत्कालीन महासचिव जननेता मदनकुमार भण्डारीले पेश गरेको जनताको बहुदलीय जनवाद (जबज) मूलत: समाजवादीहरूलाई बहुदलीय संविधानको खाकाभित्र कोच्दे सामन्तवाद र साम्राज्यवादको शोषण उत्पीडनलाई अन्त्य नगरी नेपाली समाजको प्रगतिशील विकास सम्भव नभएको, औद्योगीकरणबिना देशको प्रगति सम्भव नभएको, अर्धसामन्ती तथा अर्धउपनिवेशी स्थितिलाई अन्त्य गर्नु पर्ने, सामन्तवर्ग, दलाल नोकरशाही पूँजीपति वर्ग र वैदेशिक एकाधिकार पूँजीवादले सम्पूर्ण श्रमजीवी जनतामाथि निर्मम शोषण उत्पीडन कायम गरेको,

काङ्ग्रेसको सरकारले पनि पहिलेजस्तै सामन्तवर्ग, दलाल नोकरशाही पूँजीपतिवर्ग र वैदेशिक एकाधिकार पूँजीवाद तथा साम्राज्यवादको हित रक्षा गर्ने काम गरिरहेको किसानहरू, राष्ट्रिय उद्यमी, व्यापारी व्यवसायीहरूमाथिको उत्पीडन जारी रहेको उदार अर्थतन्त्रको नाममा भखरे वामे सर्न थालेका राष्ट्रिय उद्यमहरूलाई विदेशी पुँजीसँग प्रतिस्पर्धा गर्न बाध्य पारिएको एकदलीय राजनीतिक एकाधिकारवाद सर्वत्र काङ्ग्रेसीकरण र सर्वसत्तावाद लागू गर्ने काम भएको, वैज्ञानिक समाजवाद र साम्यवाद नै त्यो उच्चतम लक्ष्य भएको र त्यसको प्राप्तिका निम्ति निरन्तर लागिरहने अठोठ गरेको जनवादी अर्थव्यवस्थाको निर्माण गर्ने र समाजवादमा सङ्क्रमणको निम्ति भौतिक तयारी गर्ने, जनवादी अर्थव्यवस्थाको आधारभूत चरित्र 'मिश्रित अर्थतन्त्र' रहेको जनवादी क्रान्तिको नेतृत्व पनि सर्वहारा श्रमजीवी वर्गले गर्ने र जनताको जनवादी अधिनायकत्व स्थापित गर्ने निष्कर्ष निकालेको थियो । एमाले पाँचौं महाधिवेशनमै सीपी मैनालीको नौलो जनवाद र रघु पन्तको सामाजिक जनवाद अर्थात् सोसल डेमोक्रेसीकै विचार पनि अघि सारिएको थियो, तर नेकपा (एमाले) ले जनताको बहुदलीय जनवादको लाइन लिँदै हालसम्म पनि यसै दृष्टिकोणबाट अभिप्रेरित भएर चल्दै आएको छ । २०७८ असोजमा पारित नेकपा (एमाले) को राजनैतिक प्रतिवेदनमा नेकपा (एमाले) ले २०६२/६३ मा मौलिक ढंगले पूँजीवादी जनवादी क्रान्ति सफल भएको र नेपाल आमरूपमा समाजवादी क्रान्तिको युगमा प्रवेश गरेको भन्दै जनताको बहुदलीय जनवादलाई नै मार्गनिर्देशन समाजवादका आधार निर्माण गर्ने, समाजवादको अपरिहार्यता र वामपन्थी विकल्पको पुनर्पुष्टि, चीनको सफलता विश्वका श्रमजीवी जनताको लागि प्रेरणाको विषय भएको उल्लेख गरेको छ। पहिला भन्दा फरक नेपाललाई "अर्ध-उपनिवेश भन्नु त्रुटि हुने भनेको छ।

नेकपा (एमाले) बाट कुनै सैद्धान्तिक धरातलभन्दा पनि व्यक्तिगत अहंकारका कारण छुट्टिएर बनेको नेकपा (एकीकृत समाजवादी) ले झन् आफ्नो नाममै समाजवादी राखेको छ। २०७९ माघ २१-२२ गते प्रस्तुत गरेको राजनैतिक प्रतिवेदन यो कुनै नेपालको दलको प्रतिवेदन कम र चिनियाँ राजनैतिक दलको प्रतिवेदन ज्यादा देखिन्छ किनकि चीन कताबात घेरिँदै छ, चीनको विरोधमा कता मोर्चाबन्दी हुँदैछ भन्ने कुरामा सो दलले बढी सरोकार राखेको देखिन्छ । नेपालमा कहाँ के भइराखेको छ भन्दा विश्वमा कहाँ वामपन्थीहरूको उदय भयो, कहाँ वामपन्थी दलहरूले राम्रो गर्दैछ भन्ने कुरामा सो दलले बढी खुशी मनाएको देखिन्छ । राष्ट्रिय होइन, अन्तर्राष्ट्रिय परिस्थितिको मूल्याङ्कनबाट शुरुवात् भएर साम्राज्यवाद, प्रभुत्ववाद र एकाधिकार एवं वित्तिय पूँजीवादको विरूद्धमा सो दल उभिएको बताउँदछ । अमेरिकाको हिन्द प्रशान्त रणनीति (IPS). चारदेशीय सुरक्षा समझदारी (QUAD) तीन देशीय सुरक्षा समझदारी, एटलान्टिक सन्धि संगठन NATO आदिले समाजवादी चीनलाई घेरेको चिन्ता, पश्चिमा शक्तिहरूले यूक्रेनमा युद्ध चर्काउँदै लगेको बढी चिन्ता उसलाई छ । उसले खिचडी प्रवृत्तिको वर्तमान गठजोड जहाँ गणतन्त्रवादी र गणतन्त्रविरोधी, संघीयतावादी र संघीयताविरोधी, धर्मनिरपेक्षतावादी र धर्मसापेक्षतावादी आदि विपरीत चरित्रका राजनैतिक शक्ति भएकले देश अस्थिरता तर्फ धकेलिन सक्ने आँकलन गरेको छ। यसले वर्तमान सत्ता गठबन्धनलाई विश्वासको मत दिँदाखेरि १५ बूँदाहरूमा माग राखी नेपाली नमूनाको समाजवादको आधार तैयार गर्नु पर्ने कुरा खुलाएको छ ।

२०५२ सालमा तत्कालीन् संयुक्त जनमोर्चाद्वाराका नेता डा. बाबुराम भट्टराईले नेपालको उद्योगधन्दा, व्यापार र वित्तीय क्षेत्रमा विदेशी एकाधिकार पुँजीको आधिपत्य अन्त्य गरिनु पर्ने, जमिन जोत्नेको हुनुपर्ने, सामन्तहरूको जमिन जफत गरेर भूमिहीन तथा सुकुम्बासीहरूमा वितरण गरिनुपर्ने दलाल तथा नोकरशाही पुँजीपतिहरूको सम्पत्ति जफत गरी राष्ट्रियकरण गरिनुपर्ने सबैलाई नि:शुल्क र वैज्ञानिक स्वास्थ्य सेवा र शिक्षाको व्यवस्था गरिनुपर्ने, शिक्षा क्षेत्रमा व्याप्त व्यापारीकरणको अन्त्य गरिनुपर्ने जस्ता ४० बूँदे मागपत्र बुझाएर २०५२ मा फागुन १ बाट जनयुद्ध सुरु गरेको र २०५७ माघ २६ देखि फागुन १ गतेसम्म चलेको नेकपा माओवादीको दोस्रो राष्ट्रिय सम्मेलनमा अध्यक्ष पुष्पकमल दाहालले महान अग्रगामी छलाङ इतिहासको अपरिहार्य आवश्यकता' शीर्षकको प्रतिवेदनमार्फत् सामन्तवाद र साम्राज्यवादका बिरुद्ध जनवादी क्रान्ति सम्पन्न गरी समाजवाद र साम्यवादको दिशामा अगाडि बढ्न २१ औ शताव्दीको वर्तमान परिस्थितिमा दीर्घकालिन जनयुद्धको रणनीतिमा आम सशस्त्र जनविद्रोह गर्नु पर्ने निष्कर्षको 'प्रचण्डपथ' एक दशक लामो सशस्त्र जनयुद्ध र १७००० जनताको बलिदानी पश्चात् २०६३ सालमा बिस्तृत शान्ति सम्झौता मार्फत् हथियार बिसाउँदा पनि आज नेपालको राजनीतिको प्रमुख संवाहक भएको छ। २०६५ पुस ३० गते नेकपा एकता केन्द्रसँगको पार्टी एकता अधिवेशनमा अध्यक्ष प्रचण्डले नै प्रचण्डपथलाई पार्टीको पथ प्रदर्शक विचारबाट स्थगित गरी मार्कर्क्सवाद-लेनिनवाद-माओवाद लाई पथप्रदर्शक सिद्धान्तको रूपमा घोषणा गरेको छ । बुर्जुवा वर्गसँग गरिएको सम्झौता र बुर्जुवा पुँजीपति वर्गलाई समेत नेतृत्वको हिस्सा दिएर सामन्तवाद र त्यसको राजनीतिक प्रणालीमाथि आधारभूत विजय हासिल गरेको घोषणा गरेको, त्यसमा आफ्नो मौलिकता रहेको र पूँजीवादी क्रान्ति सफल भएको नेकपा (माओवादी केन्द्र) ले ठान्दछ । पछिल्लो नेकपा(माओवादी केन्द्र) ले आठौं महाधिवेशनको आफ्नो राजनैतिक प्रस्ताव '२१औं शताब्दीमा समाजवादको नेपाली बाटोमा मा उसले मार्क्सवादको आधारभूत सिद्धान्तको निर्देशनमा २१ औं सताब्दीमा नयाँ विचारको रूपमा स्थापित गर्न जोड गर्ने, नयाँ समाजवादी क्रान्ति अगाडि बढाउने, पूँजीवादको हमला विरुद्ध स्थानीय सामुदायिक मोर्चा कायम गर्ने, नवउदारवादीहरूको प्रचारका विरुद्ध राष्ट्रिय स्वाधिनताको आन्दोलनलाई अगाडि बढाउने लक्ष्य राखेको छ । सत्तालाई रणनैतिक रूपमा प्रयोग गर्दै आएको नेकपा (माओवादी केन्द्र) अझै केही शक्ति आर्जित हुने हो भने आफ्नै सुरक्षाको लागि पनि विश्वका अन्य साम्यवादी शक्तिहरू झैं सर्वसत्तावाद र वंशवादतिर उन्मुख छ ।

माओवादी आन्दोलनका नेतृत्व गरेका र वैचारिक आधारशीला तैयार गरेका डा. बाबुराम भट्टराई नेतृत्वले नेपालमा साम्यवादी आन्दोलनको सान्दर्भिकता सकिएको घोषणा गर्दै विभिन्न पार्टीहरूमा ओत लिँदै हाल नेपाल समाजवादी पार्टी गठन गरेर बस्नु भएको छ। यस पार्टीले अबको निकास आर्थिक विकास र 'अबको राष्ट्रको संकल्प - नयाँ समाजवादी विकल्प जस्ता नारा राख्दै समुन्नत समाजवादद्वारा निर्देशित शिक्षा, स्वास्थ्य, रोजगारीलाई प्राथमिकता दिँदै उज्यालो समतामूलक भविष्यको निर्माणको लक्ष्य लिएको छ। यसले ५ 'स' मा समतामूलक समृद्धि, समानुपातिक समावेशी सहभागितामूलक लोकतन्त्र, सुशासन / सदाचार, समुन्नत समाजवाद, स्वाधिनता / सार्वभौमसत्ताको एजेण्डा राखेको छ भने कुनै रूढ विचार वा वादमा टाँसिइरहनुपर्छ भन्ने मान्यता नराखे एक्काइसौं शताब्दीको आवश्यकता र नेपालको विशिष्ठता अनुरुप एक वाम लोकतान्त्रिक शक्तिको रुपमा संगठित हुँदै समुन्नत समाजवादको दिशामा अघि बढ्ने, र तत्काल उद्यमशील राष्ट्रिय पूँजीको विकासमा जोड दिँदै व्यक्तिको निजत्व प्रस्फुटित गर्ने समुन्नत समाजवादको आधार गर्ने उल्लेख गरेको छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा); २०८० जेठ १ गते पेश गरेको राजनैतिक प्रतिवेदनमा यथास्थितिवादी राजनीतिक कित्ता काँग्रेस र कम्युनिष्टको एकमात्र विकल्प राप्रपालाई प्रस्तुत गरेको छ भने सम्वर्द्धनवादी विचारधारामा आफूलाई उभ्याएको छ । राजसंस्था, हिन्दुराष्ट्रको पक्ष लिने, संघीयताको विरोध पनि गर्ने र प्रदेश सरकारमा सहभागी पनि हुने राप्रपाले लोकतन्त्रको आवरणमा नवसामन्तवाद र सर्वसत्तावाद हावी; भइरहेको निष्कर्ष निकालेको छ। यसले आफ्नो प्रतिबद्धतामा जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री, अभिभावकीय संस्थाको रुपमा राजसंस्था, प्रदेश संरचनाको खारेजी, केन्द्र र बलियो स्थानीय तहमात्रै कायम राख्ने, सर्वधर्म समभाव, पूर्ण धार्मिक स्वतन्त्रतासहितको वैदिक सनातन धर्मसापेक्ष हिन्दुराष्ट्र र कल्याणकारी राज्य निशुल्क र गुणस्तरीय सार्वजनिक शिक्षा र स्वास्थ्य सहितका विषयहरू राखेको छ । राप्रपाले सके संविधानलाई उल्टाएर हिन्दू राष्ट्र सहितको (संवैधानिक राजतन्त्र स्थापना गर्ने पक्ष लिएको छ । राप्रपाले एकातिर संघीयताको विरोध गर्छ, तर संघीयतामा प्रदेश सभाको निर्वाचनमा पनि उठ्छ, प्रदेश सरकारमा पनि सामेल हुन्छ र प्रदेशहरूको अभिभावक रहेको सभामुख पनि बन्छ। त्यही भएर राप्रपा आफ्नो एजेण्डा प्रति इमान्दार नरहेको र त्यसप्रति झुकाव राख्ने जनमतलाई मात्रै क्याश गरेर संसदसम्म पुग्न खोजेको देखिन्छ । दुई तिहाईले पनि संविधानको आधारभूत प्रस्तावनालाई खारेज नगर्नु पर्ने हो । नेपालको संविधानको धारा २७४ (२) अनुसार उपधारा (१) र यस संविधानको अन्य धाराको अधीनमा रही यस संविधानको कुनै धारालाई संशोधन वा खारेज गर्ने विधेयक संघीय संसदको कुनै पनि सदनमा पेश गर्न सकिनेछ । यस आधारमा प्रस्तावनामा उल्लेख भएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई खारेज गर्न सकिँदैन, तर नेपालको संविधान र ऐनको व्याख्यामा पनि शासकहरूले आफू अनुकुल हुने गरी गर्ने भएकोले राप्रपाले त्यो संशयको लाभ लिन चाहिँ सक्नेछ। राप्रपाले निकट भविष्यमें आन्दोलनको घोषणा गरे पनि त्यो चाहिँ अरू समूहहरूले आफ्नो एजेण्डा हाइज्याक गरेकोबाट बढी अभिप्रेरित छ ।

जनता समाजवादी पार्टी मधेशी जनअधिकार फोरमबाट संघीय समाजवादी फोरम, समाजवादी पार्टी नेपाल हुँदै नाम फेर्दै बनेको पार्टी हो । मधेशी जनअधिकार फोरम नेकपा (माओवादी) को भातृसंगठनको रूपमा रहेको थियो र हाल पनि यो नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) र नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीको साथमा समाजवादी मोर्चाको एक घटकको रूपमा रहेको छ। यस पार्टीको राजनैतिक विचारधारा नेकपा (माओवादी केन्द्र) भन्दा फरक छैन तर मधेश आन्दोलनमा ५४ जना मधेशीहरूले शहादत दिएको बलिदानी र २०६३ चैत ७ को गौर गौरनरसंहारलाई आधार बनाएर शक्ति आर्जित गर्दै मधेशमा प्रभाव जमाएको र राष्ट्रिय राजनीतिमा खासै चासो नराख्ने शक्ति हो । यसले गणतन्त्र र संघीयताको पक्ष लिए पनि मधेश प्रदेश सरकारमा भ्रष्टाचार संस्थागत गरेको, मधेशमा जातीय दङ्गा गराउन खोजेको आरोप लाग्दै आएको छ ।

लोकतान्त्रिक समाजवादी पार्टी मधेश आन्दोलनको जगमा तराई मधेश लोकतान्त्रिक पार्टी र राष्ट्रिय जनता पार्टी हुँदै बनेको पार्टी हो । यसले पनि लोकतान्त्रिक समाजवादको सिद्धान्त अँगालेको आफ्नो घोषणापत्रमा उल्लेख गरेको छ। व्यवहारमा कुनै सिद्धान्त, एजेण्डा अडान वा रोडम्याप यो पार्टीसँग देखिँदैन । विगतमा अनेकों पार्टीहरूमा रहँदै आएका नेताहरू यस पार्टीको नाममा केवल सत्तामा जानको लागि गूटबंद भएको समूह जस्तो मात्रै देखिएको छ।

पछिल्लो निर्वाचनबाट उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) कुनै राजनैतिक वा आर्थिक दर्शन बोकेर उदाएको होइन, बरू वर्तमान पात्रहरूबाट निराश भएर आक्रोशित जनमतले मौका दिएर उदाएको हो। २०८० मंसिर ११- १३ गते बसेको रास्वपाको केन्द्रीय समिति र संसदीय समितिको संयुक्त बैठकमा प्रस्तुत राजनैतिक प्रतिवेदन अनुसार रास्वपाले "व्यवस्था भित्र रहेरै जनताको अभिमत

बाँकी पृष्ठ ३ मा

# जनमत पार्टीको प्राथमिकता जनता हो, सत्ता होइन

**० तपाइँ हालै करिब १० दिने भारत भ्रमण गरेर फर्किनुभएको छ, त्यसको उद्देश्य के थियो त ?**

– म भारतको राजधानी दिल्ली पहिलो पटक गएको थिएँ । दिल्लीमा वाटर एक्स्पोसम्बन्धी एउटा कार्यक्रम आयोजना गरिएको थियो, त्यो कार्यक्रममा मलाई निम्तो गरिएको थियो । सो भ्रमणको क्रममा मैले त्यहाँ वाटर सेक्टरमा कसरी काम भइरहेको छ, खानेपानीको व्यवस्थापन कसरी भइरहेको छ लगायतका विषयमा मैले जानकारी लिएँ । भ्रमणकै क्रममा मैले धार्मिक, सांस्कृतिक मठमन्दिर, मजार लगायतमा पनि पुगेको थिएँ । राजनीतिकरुपमा पनि केही भेटघाटहरु भयो । भारतका विभिन्न राजनीतिक दलका नेताहरुसँग पनि भेट्ने अवसर पाएँ । राजनीतिक र सामाजिकरुपमा नेपाल-भारतबीच कस्तो सम्बन्ध रहेको छ भन्ने कुरा पनि बुझ्न पाएँ ।

**० तपाइँले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग पनि भेट्नुभयो ?**

– यस सन्दर्भमा सार्वजनिकरुपमा बोल्न मिल्दैन । किनभने म कुनै राजकीय भ्रमणमा गएको थिएन । सरकारी कार्यक्रममा पनि गएको थिएन । मैले खानेपानी मन्त्री हुँदा खानेपानी सम्बन्धमा काम गरिरहेका यहाँका संस्थाहरुसँग मेरो सम्बन्ध भयो, उहाँहरुलाई मेरो तर्फबाट हुने सहयोग गरे । त्यसकै परिणामस्वरुप मधेश प्रदेशको चार सय विद्यालयहरुमा खानेपानी फिल्टर जडान भएका छन् । अहिले पनि मबाट हुने सहयोग गरिरहेको छु । त्यहीं सन्दर्भमा भारतको दिल्लीमा भएको वाटर एक्स्पोमा मलाई व्यक्तिगतरुपमा निमन्त्रणा आएको थियो । त्यसकारणले भारत भ्रमणका बेला भएका सबै भेटघाट, छलफलबारे भन्न मिल्दैन । जे होस्, मेरो पहिलो दिल्ली भ्रमण साह्रै राम्रो भयो ।

**० जनमत पार्टीप्रति भारतका राजनीतिक दलका नेताहरुको कस्तो धारणा पाउनुभयो ?**

– त्यहाँका राजनीतिक नेतृत्वहरुको माथिसम्म जनमत पार्टीबारे जानकारीको अभाव रहेको छ । केही सेक्टरहरुमा जनमत पार्टीबारे धेरै जानकारी रहेको छ । जनमत पार्टी के गरिरहेको छ, कसरी आयो, कुन एजेण्डाबाट यहाँसम्म आइपुग्यो भन्ने कुराहरु केही सेक्टरलाई व्यापकरुपमा जानकारी छ र केही नेतृत्वलाई जानकारीको अभाव छ । किनभने उहाँहरुले हेर्ने भनेको नेपालमा कुन ठूलो दल छ, कसको सरकार छ र कसको सरकार बन्दैछ । हाम्रो नयाँ पार्टी भएकोले एक हिसावले पार्टीको पनि प्रचार-प्रसार गरियो । त्यहाँका नेतृत्वहरुलाई मैले आफ्नो पार्टीको विषयमा जानकारीमूलक सन्देश पनि दिएँ ।

**० वाटर एक्स्पोमा सहभागिता हुँदा के नयाँ कुरा हेर्नुभयो ?**

– वाटर एक्स्पोमा भ्रमण गर्नुको कारण के थियो भने नेपालका विद्यालयहरुमा जुन संस्थाले काम गरिरहेको छ, त्यो संस्थाका सबै सामानहरु त्यहींबाट आउने गर्छ । भनेपछि त्यसको कति मूल्य हुन्छ, त्यहाँबाट सामान ल्याउँदा कस्ता अप्ठ्याराहरु झेल्नुपर्छ, त्यो सामान कति दिनमा आइपुग्छ, ती सम्बन्धमा जानकारी लिनुपर्ने थियो । अझै गुणस्तरीय फिल्टर र मेसिनहरु त्यहाँबाट कसरी ल्याउन सकिन्छ भन्ने विषयमा अध्ययन गरें । अर्को कुरा खानेपानीमा पनि यति ठूलो र धेरै मेसिनहरु हुँदोरहेछ त्यसबारे पनि जानकारी भयो । त्यस्ता मेसिनहरु हामीकहाँ आयो भने यो सिंहदरबारमै पब्लिकरुपमा एक-दुईटा मेसिन लगाउन पाइयो भने पूरै सिंहदरबारलाई नै पानी पुग्छ ।

**० जनमत पार्टीले मधेश सरकारबाट समर्थन फिर्ता लिँदै सरकारबाट किन बाहिरियो ?**

– जनमत पार्टीले मधेश सरकारबाट समर्थन फिर्ता लिनु र बाहिरिनु पर्ने कारण प्रष्ट पार्दै आएको छ । राजनीतिमा यो स्वाभाविक हुन्छ कि कहिले सरकारमा जानुपर्छ, काम गर्ने अनुकूल वातावरण भएन भने बाहिरिनुपर्छ । यो एउटा सामान्य प्रक्रिया हो । सरकारमा गएपछि जनताले अपेक्षा गरेअनुसारको परिणाम नआएपछि सरकारबाट बाहिरिने बाटो हुन्छ । हामी सरकारमा त गयौं, तर हामलि गर्नुपर्ने काम, जनतालाई गरेको बाचा पूरा गर्न नसकेपछि फिर्ता हुनु स्वाभाविक हो । हामी मधेश सरकारमा गएपछि काम गर्ने बेलामा कहिले मुख्यमन्त्रीबाट बाधा हुने, कहिले अर्थमन्त्रीबाट बाधा हुने, कहिले बजेट नै निकासा नगरिदिने, विभिन्न किसिमका लफडाहरु खडा गर्ने जस्ता समस्याहरु हामीले भोग्यौं । सरकारमा रहेर पनि काम गर्न नसक्ने पीडा जनमत पार्टीले भोग्दै आएको थियो । मन्त्रीले राम्रो काम गर्न थालेपछि मन्त्रालय नै फुटाइदिने, मन्त्री नै परिवर्तन गरिदिने जस्ता परिपाटी देखेर वाक्कदिक्क भएर हामी सरकार छोड्न बाध्य भयौं । अर्को कुरा, राजविराजमा कृषि विश्वविद्यालय शिलान्यास कार्यक्रममा जसपाले एकलौटी गऱ्यो । हाम्रो शिक्षामन्त्री भएपनि उहाँसँग कुनै किसिमको छलफल नगरी मनोमानी ढंगले गर्न थालियो । हाम्रोा मन्त्रीले स्वागत गर्न पुग्दा लाठीचार्ज भयो, मन्त्री र सांसदहरु घाइते हुनुभयो ।

**० तर, राजविराजको त्यो शिलान्यास कार्यक्रममा तपाइँको पार्टीका मन्त्री र सांसदहरु विथोल्न जानुभएको थियो नि ?**

– मन्त्री सो विश्वविद्यालयको सहकुलपति भएपनि कुनै छलफल नै नगरी शिलान्यास कार्यक्रम राखिएको थियो । हाम्रो मन्त्रीले विज्ञप्ति जारी गरेर भन्नुभएको थियो कि सबैसँग छलफल गरेर एउटा सहमति बनाऔं, त्यसपछि शिलान्यास गरौं । तर, त्यो दिन कार्यक्रम विथोल्न वा विरोध गर्नका लागि हाम्रा मन्त्री र सांसदहरु जानुभएको थिएन । फुलमाला लिएर स्वागत गर्न जानुभएको थियो तर सुरक्षाकर्मीको घेरामा बल प्रयोग गरी दमन गरियो । यी विभिन्न कुराहरु भइसकेपछि सरकारमा कसरी बसिरहने ? त्यो हिसावले सरकारबाट फिर्ता भएका हौं । जसपा नेतृत्वको सरकारमा हामी बस्न सक्दैनौं, सरकार गलत बाटोमा हिंडिरहेको छ ।

**० मधेश कृषि विश्वविद्यालय शिलान्यास कार्यक्रममा डा.सीके राउतलाई प्रमुख अतिथि नबनाउँदा पनि तपाइँहरु रुष्ट हुनुभयो ?**

– यदि त्यस्तो थियो भने उपेन्द्र यादव पनि नजाँदा के बिग्रिन्थ्यो । जबकि जनताले उहाँलाई त्यहाँबाट बहिष्कार गरेकै हो । अर्को कुरा जब हाम्रो अध्यक्ष डा.सीके राउतले त्यस्तो अपेक्षा राख्नुभएको थियो भने त्यो त स्वाभाविक हो । उहाँ त त्यहीं क्षेत्रबाट प्रत्यक्ष निर्वाचित हुनुहुन्छ । सम्बन्धित क्षेत्रको सांसद भएकोले उहाँको त्यो चाहना स्वाभाविक हो । प्रमुख अतिथिकै कुरा थियो भने जग्गादातालाई बनाउँदा हुन्थ्यो वा शहीद परिवारका कुनै सदस्यलाई बनाउँदा हुन्थ्यो । तर उपेन्द्र यादवले जसरी पनि जान्छु जस्तो हठबाजी गर्नुभयो । उपेन्द्रजीको हठको कारणले लाठीको बलमा सुरक्षाकर्मीको घेराभित्र शिलान्यास गर्नुभएको हो ।

**० जनमत पार्टी जहिले पनि गठबन्धनको संस्कारविपरीत कार्य गर्नुहुन्छ, सरकारमै बसेर सरकारको विरोध गर्छ । जनमतसँग राजनीतिक संस्कार छैन भन्ने आरोप लाग्छ नि ?**

– राजनीतिक संस्कार भनेर कसलाई भन्न खोजिएको हो हामी बुझ्न सकिरहेका छैनौं । मिलेर खाउँ, भागवण्डा गरेर भ्रष्टाचार गरौं, जनतामाथि दमन गरौं भन्नेलाई यदि राजनीतिक संस्कार भनिन्छ भने त्यसलाई हामी मान्दैनौं । जनता राज र व्यवस्थालाई बलियो बनाउने संस्कारलाई हामीले राजनीतिक संस्कार मान्छौं । सरकारले जुनसुकै काम गर्दा त्यो जनताको पक्षमा होस् वा नहोस् त्यसमा ताली बजाएर जनमत पार्टीले समर्थन गर्न सक्दैन । नराम्रा कामहरुमा समर्थन नगरेपछि अलिकति बागी जस्तो देखियो । त्यो गर्नु नै थियो भने जनमत पार्टीले किन राजनीति गर्ने ? सरकारले गरेका राम्रा कामहरुको हामीले प्रशंसा गरेकै छौं, सरकारलाई समर्थन दिएकै छौं । तर नराम्रा कामको सुरुदेखि नै हामी विरोध गर्दै आएका छौं । भनेपछि राम्रो कामको जस हामीले सरकारलाई दिन्छौं, नराम्रो कामप्रति हाम्रो खबरदारी रहन्छ । यहीं नै वास्तविक राजनीतिक संस्कार हो ।




## अब्दुल खान

### राष्ट्रिय उपाध्यक्ष, जनमत पार्टी

### प्रतिनिधिसभाअन्तर्गत उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सभापति

**० तपाइँहरुले त मधेश सरकारको नेतृत्व नै मागिरहनुभएको छ नि ?**

– सरकार बनाउने बेलामा जुन प्रतिबद्धता गरिएको थियो, त्यो अनुसार हामीलो मधेश सरकारको नेतृत्व मागिरहेका छौं । शीर्ष नेतृत्वको बीचमा आलोपालोको सहमति भएको थियो भने त्यो कार्यान्वयन हुनुपर्छ । आफूले बोलेको कुरा लागू नगर्नु राजनीतिक संस्कार मानिदैन । अर्को कुरा जनमत पार्टीले मुख्यमन्त्री किन नपाउने ?

**० जनमत पार्टी अब संघ सरकारबाट पनि बाहिरिन्छ ?**

– पहिलो कुरा जनमत पार्टीले सत्ता र सरकारभन्दा जनतालाई प्राथमिकतामा राखेर काम गरिरहेको छ । सरकारभन्दा ठूलो प्राथमिकता भनेको जनता र जनताले भोगिरहेको समस्या हो । जनतासँग हुने अन्याय हामी सहन सक्दैनौं । त्यसका लागि सरकार पनि छोड्नुपऱ्यो भने छोडौंला । हामी मधेश प्रदेश सरकारबाट बाहिरिएका छौं तर संघ सरकारबाट पनि बाहिरिनुपर्छ भन्ने अवस्था अहिलेसम्म आएको छैन । जहाँ काम गर्ने अनुकूल वातावरण हुन्छ, त्यहाँ बस्ने हो । अर्को कुरा, जसपा त कहिल्यै चाहिरहेको थिएन कि जनमत पार्टी सरकारमा आओस् । जनमत चुनाव लड्नु हुँदैन, जनमत पार्टी नै बन्नु हुँदैन भन्ने सोच जसपाको थियो नि त । मधेश प्रदेशमा सबभन्दा लोकप्रिय मत पाएपछि जसपालाई हानी भएकै हो । जसपाको लठैत र ठेकेदारी प्रवृत्तिमा चोट पुगेकै हो । जसपाले चाहेर वा नचाहेर केही हुँदैन । यदि जनताको पक्षमा हामी काम गर्न सक्दैनौं भने संघीय सरकारबाट पनि बाहिरिन सक्छौं ।

**० तपाइँ प्रतिनिधिसभाअन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्त हित समितिका सभापति पनि हुनुहुन्छ, अहिलेसम्म के-के गर्नुभयो ?**

– यो एउटा संसदीय समिति हो । संसदीय समितिको आफ्नो काम, कर्तव्य, अधिकार सबै कुराहरु रिफाइन हुन्छ । संविधानले नै हामीलाई काम तोकेको छ । यसको काम के हो भने प्रमुखताको हिसावले हेर्दा विधेयकहरुमाथि छलफल गर्ने, त्यसमाथि आफ्नो राय दिनु । अर्को कुरा, सरकारले गरिरहेको अथवा हाम्रो मातहतका मन्त्रालयहरुबाट मन्त्री र सचिवहरुलाई बोलाएर छलफल गराएर निर्देशन दिने हो । तेस्रो काम भनेको अनुगमनको अधिकार पनि संविधानले दिएको छ । त्यो हिसावले समितिको नियमित बैठकहरु पनि चलिरहेको छ । समितिमा आएका निवेदनहरुमाथि हामीले दफावाररुपमा छलफल गरेर सरकारलाई निर्देशन दिइरहेका छौं । यो समितिअन्तर्गत उद्योग, वाणिज्य, श्रम र उपभोक्ता पनि पर्छन् । चारवटा महत्वपूर्ण एजेण्डाहरुसँग जोडिएको यो महत्वपूर्ण समिति हो । हाम्रो समितिअन्तर्गत मुख्यरुपमा दुईवटा मन्त्रालय श्रम र उद्योग पर्छ । भनेपछि यी दुईटा मन्त्रालयले गरिरहेको कामकाज कस्तो भइरहेको छ, त्यसको मूल्यांकन गरेर आवश्यकताअनुसारको निर्देशनहरु दिइरहेका छौं । अर्को कुरा, हाम्रो देशभित्र कस्ता खालका उद्योगहरु छन्, कति सञ्चालित छन्, कति रुग्न अवस्थामा छन्, कति बन्द छन्, कुन प्रकारको समस्या छन्, त्यसबारे स्थलगत अनुगमन गरेर सरकारलाई निर्देशन दिने हो । त्यो हिसावले हामी निर्देशन दिएका छौं ।

# नेपालमा...

जितेर सबै खाले परिवर्तन गर्न सम्भव छ, चितवन निर्वाचन क्षेत्र नं. २ मा पाएको मतके आधारमा एउटै दलले दुई तिहाई बहुमत लयाउन सम्भव छ जस्ता अतिआशावादी निरथक दृष्टिकोण राखेको छ। खसआर्य र सम्भ्रान्त वर्गको बर्चस्व रहेको पार्टी स्वभाविक रूपमा मेरिटोक्रेसी (गुणतन्त्र) को वकालत गर्छ र धरातलीय राजनैतिक संघर्षबाट नभई एनजिओ संस्कृतिबाट उदाएकोले यसले उम्मेदबार क्लब र लीडरशीप एकाडेमी जस्ता संयन्त्रको परिकल्पना गरेको छ । यस पार्टीसँग देशको जनताले धेरै आशा गरे तापनि देश विकासको कुनै राजनैतिक दर्शन, आर्थिक नीति वा निकास र विकासको कार्ययोजना देखिँदैन । यसको नेतृत्वको जतिचाँडो सकिन्छ कुनै तरीकाले २०८४ पहिलाने सत्ता समीकरण बदल्दा प्रधानमन्त्री बन्न सकिन्छ कि, नभए २०८४ मा जनमत ल्याएर कसरी प्रधानमन्त्री बन्नेमा बढी सिमित देखिन्छ मानों प्रधानमन्त्री बन्ने वित्तिकै देशको सारा समस्या समाधान हुनेछ। अर्को कुरा नेपालको विविधता र सामाजिक संरचनाप्रति अनुभवको कमीले गर्दा मधेशी, आदिवासी, मुस्लिम, थारू सहितका सीमान्तकृतवर्गको मुद्दा सम्बोधन गर्न यो पार्टीले सक्दैन । नागरिकता विधेयकको विरोध, संघीयता र प्रदेशको विरोध, मधेशकेन्द्रित नेता र दलहरूको विरोध, थरूहट आन्दोलन र पहिचान आन्दोलन प्रतिको दृष्टिकोण यसका परिचायक हुन्। यो पार्टी लोकप्रियतावादबाट बढी निर्देशित छ, जसको उदाहरणमा राष्ट्रपति संस्थाको विरोध, सेनाको विरोध, संघीयताको विरोधलाई लिन सकिन्छ । यी संस्थाहरूलाई आफ्नो राजनैतिक दर्शनले चिर्नुभन्दा पनि भीडको हो मा हो मिलाउनु र लोकप्रतियता हासिल गर्नु नै यसको ध्येय देखिएको छ। शुरूमा धेरै सम्भावना बोकेको रहेतापनि दीर्घकालीन योजनाको अभाव रहेको यस पार्टीको नेतृत्व विगतमा गरेका गल्तीहरूको कारणले लगातार संकटमा आउँदै गरेको र नागरिकता काण्ड, पासपोर्ट काण्ड, अडियो काण्डदेखि सहकारी काण्डमा सरकारले जतिखेर पनि फँसाउन सक्ने हुँदा कुनै आन्दोलनको नेतृत्व लिने क्षमता देखिँदैन, र यसको नेतृत्वमा राज्यको अगाडि झुक्नु पर्ने बाध्यता सृजित हुँदै आएको छ। आफैले उठाएका भ्रष्टाचारका मुद्दाहरूमा पनि समेत पछिल्लो समयमा खुलेर बोल्न नसक्नु र चुप लागेर बस्नु यही बाध्यताको उदाहरण हो। यति भन्दाभन्दै यो पार्टी दीर्घकालीन योजना बनाएर आन्दोलन गर्न सके, सबभन्दा बढी सम्भावना बोकेर आउने पार्टी हो । २०७९ सालको निर्वाचनबाट राष्ट्रिय दलको रूपमा उदाएको जनमत पार्टीले आफ्नो आर्थिक राजनैतिक सिद्धान्तको रूपमा सामुदायिक समाजवादलाई अँगालेको छ । यस पार्टीले जनताले प्रत्यक्ष अभ्यास गर्न सक्ने प्रावधान सहितको जनसम्पुता, लोकतन्त्र (प्रत्यक्ष लोकतन्त्र, समावेशी लोकतन्त्र र डिजिटल डिमोक्रेसी', राइट टू रिकल 'राइट टू रिजेक्ट' सहित) सामाजिक न्याय र सामुदायिक समाजवादलाई आफ्नो आधार स्तम्भ बनाएको छ। यो पार्टी गणतन्त्र, संघीयता, समानुपातिक समावेशिता, लोककल्याणकारी राज्य जस्ता आधारभूत राजनैतिक मान्यताहरू राख्दछ । यसको सामुदायिक समाजवाद (सामुदायिक स्वराज) मार्क्सवादी समाजवाद नभएर लोककल्याणकारी राज्यको विकेन्द्रित अवधारणा मात्रै हो, जुन गान्धीको ग्राम स्वराजसँग प्रभावित छ । यस अर्थमा संघीयताद्वारा शक्ति विकेन्द्रीकरण भएर स्थानीय तहसम्म अधिकार पुगे पछि जितेका स्थानीय तहहरूलाई लक्षित गरेर सो समुदायको स्तरमा समेत गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा प्रभावकारी तरीकाले लागू गर्न सक्ने मान्यताका साथ यस पार्टीले सामुदायिक समाजवादको अवधारणा ल्याएको हो। यसले प्रत्यक्ष लोकतन्त्रको व्यापक अभ्यास प्रत्यक्ष निर्वाचित कार्यकारीदेखि स्थानीय तहसम्मका योजनाहरू निर्धारण गर्न समेत गरिनु पर्ने पक्षमा छ । भर्खर २०८० पौष २६-२८ गते नागरिक उन्मुक्ति पार्टीले टीकापुरमा आफ्नो प्रथम महाधिवेशन सम्पन्न गरेको छ। जनमत पार्टी झे उसको राजनीतिक प्रतिवेदनमा समानता देखिन्छ फगत औपचारिकतामात्र पूरा गर्ने हो भने लयमा आइ पनि यस पार्टीले सुशासन, समृद्धि र पहिचानलाई मूलनारा बनाएको छ तर यस पार्टीले वैचारिक राजनीतिक प्रतिवेदनमा गणतन्त्र नेपालको घोषणासँगै ५८ वर्ष पहिले शुरु एको नेपालको पूँजीवादी जनवादी क्रान्ति सम्पन्न भयो र नेपाली समाज समाजाद निर्माणको चरणमा प्रवेश गर्यो भने गलत निष्कर्ष अरू पार्टीको घोषणापत्रहरूबाट कपी गरेको छ । यस पार्टीले समुदायमा आधारित सङघीयता नभएकोले असन्तुष्टि जाहेर गर्दै संविधान अपूरो रहेको, कानून, नीति निर्माण गर्नेहरू एक पक्षीय एके समूहको भएको, "एकल जातीय नश्लवाद को विरोधगर्नेहरूले नै एकल राज्य संरचना लागू गरिरहेको भन्दै संसदमा सबै वर्ग र जातको उपस्थिति हुनु पर्ने र थारू, मुस्लिम, मधेशी, जनतजातिको लागि स्पष्ट आरक्षित क्षेत्र हुनु पर्ने पहिचान र जनश्रमदानको महत्व, विचौलियाको निर्मूलीकरण, विदेशी आयात बन्द, स्नातकसम्म राज्यले निःशुल्क शिक्षा दिने, स्वराजमूलक शिक्षा, महिला उद्यमीको विकास, सामुहिक साना उद्योग, उत्पादनसँग नागरिकलाई जोड्ने । राज्यको शासकीय स्वरूपमा प्रत्यक्ष कार्यकारी प्रधानमन्त्री हुनु पर्ने, सबै तहमा प्रत्यक्ष निर्वाचन प्रणाली लागू हुनु पर्ने, राइट टू रिकल राइट तू रिजेक्ट जस्ता धेरै एजेण्डाहरू जनमत पार्टी जस्तै छन्। धर्म र संस्कृतिको रक्षा गर्ने, अहिले एक पटक नासिए फेरि नआउने । सर्वकालीक सामाजिक सुरक्षा संघीयता पक्षधर, प्रदेशको नामाकरणसँग असन्तुष्ट देखिएको छ।

नेपाल कम्युनिस्ट पार्टी (विप्लव) को केन्द्रीय समितिको बाहाँ पूर्ण बैठकद्वारा पारित राजनैतिक प्रस्तावमा विप्लवले प्रचण्ड-बाबुरामहरूको विचलन तथा आत्मसमर्पण, विश्व बहुधुवीकरण हुँदै क्रान्तिको अवस्था निर्माण हुँदैजाने, रुस- युक्रेन युद्धसम्म प्रक्षेपण गरिएको पूँजीवादी र साम्राज्यवादी शक्तिहरू विरुद्ध साम्यवादी क्रान्तिको अनुकुलता बढने, राष्ट्रिय रूपमा भारतसँगको असमान संधिसम्झौता कारण अर्धउपनिवेश र एमसीसी सम्झौता द्वारा अमेरिकी साम्राज्यको नवउपनिवेशको रूपमा धकेलिएको र यसको लागि नेपाली काँग्रेसभीत्रका दलालल पूँजीपतिहरू जिम्मेबार रहेको तर अन्य कम्युनिष्टदलहरू समेत आत्मसमर्पणवादी चरित्र देखाएको, देश साम्राज्यवादी शक्ति र दलालहरूको चेटामा पर्दै गएकोले राष्ट्रिय स्वाधिनताको संघर्ष उठने सम्भावना रहेको ठान्दछ । विप्लव लगायतका केही समूहहरू यही यथार्थ बोध भएरे संसदीय प्रणालीमा आउन त्यति उत्साहित देखिँदैन, उनको स्थिति बाध्यात्मक देखिन्छ । विप्लवले चुनावलाई रणनैतिक महत्वको नभएर कार्यनैतिक विषय भन्दै कहिले बहिष्कार र कहिले उपयोग गर्ने नीतिको रूपमा क्रान्तिकारी शक्तिहरूले लिने गरेको तथ्य अंगित गर्दै निराशाजनक शब्दमा गुनासो पोख्छन् "तर सच्चाई यो हो कि लेनिनले नेतृत्व गरेको बोल्शेभिक पार्टी, केही यूरोपियन कम्युनिट् पार्टीहरू र नेपालको जनमोर्चा बाहेक संसदमा पसेका अधिकांश कम्युनिष्टहरू सकुशल फर्किएर आएका छैनन् । संसदीय दलदलमै भासिन पुगेका छन्। एकीकृत जनक्रान्तिको माध्यमबाट संसदको विकल्प खोज्दै प्रगतिशील संयुक्त सरकार र जनमतसंग्रह मार्फत् दलाल पूँजीवादी राज्यसत्ताको अन्त्य र वैज्ञानिक समाजवादको स्थापना गर्नुलाई आफ्नो लक्ष्य मान्छन् जुन आफैंमा अब शास्त्रीय र पुरातनवादी सुनिन्छ । आहुतिहरू पनि वैज्ञानिक समाजवादको ने लक्ष्य लिन्छन् तर उसले पूँजीवादी क्रान्ति नेपालमा नभएको मान्दछन् । आहुतिसँग फरक कहाँ हुन सकिन्छ भने उनले पुनः पूँजीवादि क्रान्ति गर्न सकिँदैन भन्छन्, जबकि यो बिलकुल सम्भव छ।

*(जनमत पार्टीको राजनीतिक प्रस्तावको अंश)*

# राष्ट्रिय मुक्ति क्रान्ति

## बहुलराष्ट्रिय राज्य स्थापनाको निम्ति आह्वान

– राजेन्द्र महतो

– बुद्धछिरिङ मोक्तान

१०. नयाँ पार्टीहरु खोल्ने विधी

राजधानीको अलिशान पार्टी प्यालेशमा विवाहको प्रिती भोज खाए जसरी भोज खाँदै नयाँ पार्टी घोषणा गर्नु र संपूर्ण उत्पीडित जाति-वर्गका जनताहरुको मुक्ती चाहनु कती सान्दर्भिक होला? के यो (I)NGO हरुमा हाम्रो लामो संसर्गबाट बिकास भएको एकखालको निम्नपूँजिबादी संस्कार होइन त? विश्वका पूँजिबादी क्रान्तिहरु र कम्यूनिष्ट क्रान्तिहरुलाई नेत्रित्व दिएको पार्टीहरु र नेत्रित्वहरुको जन्म संघर्षको मैदानमा जनताको विचबाट भएको भएको होइन र? के बन्द कोठामा पार्टीको बिधान र घोषणा पत्र ड्राफ्ट गरेर, अलिशान पार्टी प्यालेशहरुमा विवाहको पार्टी खाएसरी दिवाभोज खाँदै घोषणा भएको नयाँ पार्टीहरु र नेत्रित्वहरु क्रान्तिको दर्मियान आउन सक्ने कठिन भन्दा कठिन परिस्थितीहरुसंग जुझ्ने साहस बटुल्न सक्लान? विश्वका उत्पीडित जाति-वर्गका जनताहरुको निमित्त क्रान्तिको प्रथम बाधक तत्वहरु प्रतिकृयाबादीहरु भन्दा जनताहरु आफै विचबाट जन्मने अबसरबादीहरु हो जुन क्रान्तिको दर्मियान स्वभाविक रुपले जन्मन्छ। यो एकखालले समाजमा जब जाति-वर्ग संघर्ष घनिभूत हुन्छ तब त्यही संघर्षको विचबाट बिकास हुने गर्दछ। चिनिया क्रान्ति ताका जन्मेका यस्तो वर्गलाई माओले प्रतिकृयाबादीहरुको पाल्तु कुक्कुर भनेका थिए। हामीलाई थाहा छैन यस्तो वर्ग हामी माझ छ कि छैन र यदी छ भने तिनलाई कसरी पहिचान गर्ने? यदी छैन भने आउन सक्ने खतराबाट क्रान्तिलाई कसरी जोगाउने? वा अझ भनौ पूंजिबादी क्रान्ति र कम्यूनिष्ट क्रान्तिताका होसियारीका साथ हेरिएका यस्तो तत्वहरुको उदयलाई राष्ट्रिय मुक्ती क्रान्तिमा होसियारिका साथ हेरिनु पर्ला कि नपर्ला? पहिचान गर्नु पर्ला कि नपर्ला? के राष्ट्रिय मुक्ती क्रान्तिमा क्रान्ति सफल हुन पार्टी तथा नेत्रित्वमा क्रान्तिकारी चरित्र हुन आवश्यक छैन वा पर्दैन? के हामीलाई चाँही विना संघर्ष, बलिदान, कष्ठ, कठोरता, कठीनता बिना नै सत्ता उपलब्ध होला वा विरोधीले हामीलाई सत्ता देलान? नेपाल हालका दिनहरुमा गहिरो र पेचिलो जाति-वर्ग संघर्षबाट गुज्रिरहेको छ। यस्तो बेला समाजमा धेरै किसिमको आकंक्षाहरु जन्मिन्छ तर सबै आकंक्षाहरु क्रान्तिको निमित्त साधाक हुन्छ भन्न सकिन्न। कैयन अवस्थाहरुमा बाधक पनि हुन सक्छ। यसर्थ हामी क्रान्तिकारीहरु यस्तो कुरामा तुरुन्तै वहाकाउमा आउनु हुँदैन र ठोस परिस्थितीको ठोस विश्लेशण गरेर आफ्नो पाइला चाल्नुपर्छ। हाम्रो उद्देश्य कुनै पनि उचित प्रयत्नहरुलाई निरुत्साहित पार्ने वा कुनै पनि खालको तुच्छ गाली गलौच गर्ने नभै हामी सबैलाई थोरै होसियार रहन सजक गराउने मात्र हो।

११. तितो यथार्थ मनन गर्नुपर्ने यथार्थ

नेपालमा विगत केही बर्षहरुमै अनुमान नगरिएको भन्दाबढी परिवर्तनहरु भए। लाग्दछ कि यि परिवर्तनहरु यति सहज रुपमा भएकी हामीले यसको निमित्त आफुहरुलाई तयार पार्न समेत भ्याएनौ। हुन त यो परिवर्तनका पछाडि अन्तरराष्ट्रिय शक्तिहरुको पनि संलग्नता रहेको हुंदा यसकोसंस्थागत गर्न पनि धेरै शक्तिहरुको विच सहमती बन्नु अतिआवश्यक हुने हुँदा वर्तमानको ढिलाई केहीहदसम्म प्राकृतिक पनि हुनसक्छ तर राजनीतिक क्रान्ति वा परिवर्तनहरु पश्चात शक्तीमा आउने फेरबादल यती नाटकिय जस्तो लाग्छ कि सबै कुराहरु अचानक भएको जस्तो अनुभुती हुन्छ। त्यस्तो बेला नयाँ शक्तिहरुको कांचोपना, केही अपरिपक्वता, केही लफ्फाजी, केही हतारो तथा शक्ती विहिन हुन पुगेका पुराना शक्तिहरुको परिवर्तनलाई नस्विकार्ने वा सकेसम्म उल्ट्याउन खोज्ने प्रवृत्तिहरुको कारकत्वमा परिवर्तनलाई संस्थागत गर्ने बाटोमा अबरोध खडा हुन जान्छ र कहिलेकांही त प्राप्त उपलब्धिहरु समेत गुमाउन पुग्दछ। कहिलेकांही स्थायित्व प्रतिको ज्यादा लगाउले केही कस्मेटिक परिवर्तनमात्र हुने र वास्तविक्तमा पुरानै यथास्थिती कायम रहने हुन जान्छ। शायद नेपाल अहिले यस्तै दोसांधमा उभिएको छ। यस्तो बेला यहाँका उदार-दक्षिणपन्थी पुंजिबादी शक्ती र बामपन्थी कम्युनिष्ट शक्तिहरु आ-आफ्नो राजनीतिक कित्ता वा ध्रुबहरु मजबुतपार्न भरमगदुर प्रयत्नरत छन। यसकोलागी उनिहरु सडक, सदन, सरकारको मोर्चाहरुमा अधिक्तम प्रभाव कायम राख्न प्रतिस्पर्धारत छन। तुलनात्मक रुपमा उदार दक्षिण र बाम शक्तिहरु जसको हातमा सत्ताको चाबी पालैपालो परिवर्तन भई आएको छ उनिहरु पनि राजनीतिक वृत्तमा देखापरेका ध्रुबिकरणबाट प्रभावित हुनपुगी अनिर्णयको बन्दी बन्नपुग्दा दुबै कोणमा अतिबादी शक्तिहरु पनि देखापरिरहेको छ। यो ध्रुबिकरणले अन्तरराष्ट्रिय शक्तिहरुलाई पनि प्रभावित पारेको छ। यस्तो ध्रुबिकरण तिब्र भईरहेको बेला मध्यममार्गी शक्ती कमजोर हुनगै राजनीतिले द्वन्द्वको बाटो लिन सक्ने खतरा हुन्छ। यसरी कथांकदाचित द्वन्द्वको पुनरावृत्ती भएमा हामी ऐतिहासिक कालदेखी नै राज्य उत्पिडनबाट मुक्ती खोजिरहेको जाति-वर्गका जनताहरुको जायज मागहरु पुन:ओझेलमा पर्ने खतरा हुन्छ। यस्तो बेला हामी उत्पीडित जनताहरुको जायज मुद्दाहरु राजनीतिक बहसमा जोड्दाररुपमा उठिरहेको त हुन्छ तर बाम वा दक्षिणपन्थी शक्तिहरुले आ-आफ्नै राजनीतिक कित्ताहरुलाई मजबुत पार्न मात्र उपयोग भईरहेको हुन्छ। यो एकखालको राजनीतिक मुद्दाहरुको ठगी हो जुन खतरनाक पनि साबित हुन सक्दछ। यस्तो ठगी र बेईमानीबाट हाम्रा मुद्दा र जनताहरुलाई बचाउन हामीले एनजीओ चेतना र कार्यक्रम भन्दा माथि उठेर राजनीतिक रुपमा आफ्नो धार सृजना गर्नु अनिवार्य हुन्छ। २०७८ जेष्ठ २१ गते जसपा बरिष्ट नेता माननिय राजेन्द्र महतोले नेपाल सरकाको उपप्रधान तथा शहरी बिकास मन्त्रीको पदभार ग्रहण गर्दै वहुलराष्ट्रिय राज्य स्थापना गर्ने पार्टीको एजेण्डा भएको र त्यसलाई अघि बढाउन राष्ट्रिय मुक्ती आन्दोलनको तयारी गर्न सरकारमा सहभागी भएको भन्दै ऐतिहासिक र साहसिक भनाइ राखे पश्चात नेपाली राजनीतिको वैकल्पिक धार र मुद्दा उठान गम्भिर ढंगले शुरुवात भएको छ।

१२. आजको हाम्रो कमजोरी के हो र बलियो पक्ष के हो?

नेपालको उत्पीडित जाति-वर्गका जनताहरुको आजको सबै भन्दा बलियो पक्ष हो हामीले ईतिहासमा भोगेका र अहिलेपनि भोगिरहेका सामाजिक-संस्कृतिक, राजनीतिक, तथा आर्थिक उत्पिडनका मुद्दाहरु वर्तमान नेपालको राजनीतिक डिस्कोर्शको प्रमुख बिषय बन्नु हो जसको निमित्त हाम्रा पुर्खाहरुले धेरै नै संघर्षहरु गर्नु पऱ्यो र धेरै राज्य दमन बिरुद्ध लड्नु पऱ्यो। यहाँसम्म यो मुद्दाहरुलाई ल्याइ पुऱ्याउन नेपालका उत्पीडित जाति-वर्गका जनताहरुले ठुलो बलिदानीपूर्ण संघर्षहरु पार गर्नु पऱ्यो। आजको हामी संघर्षशिल उत्पीडित जाति-वर्गका जनताहरु जुन स्तरमा यो मुद्दाहरुले राजनीतिक स्थान पाए त्यही अनुपातमा हामीले राजनीतिक शक्ती प्राप्त गर्न असमर्थ भई रहेको छ। यसका पछाडिका कारणहरु खोज्नु आजको प्रथम आवश्यकता हो। हाम्रोविचारमा यो क्रान्तिको कार्यनितिक कमजोरी नभै रणनितीक कमजोरी हो किनकी राष्ट्रिय तथा अन्तरराष्ट्रिय रुपले वस्तुगत परिस्थिती तयार भईसकेको अबस्थामा पनि हामीले राष्ट्रिय मुक्ती आन्दोलनलाई सफल बनाउन नसकिरहेको अबस्था विद्यमान छ। शायद केही कार्यनितिक कमजोरिहरु पनि रहेको हुनसक्दछ तर मुलभुतरुपमा भन्दा यो रणनितीक कमजोरी नै हो जुन सिधै आत्मगत तयारी र बुझाईसंग प्रत्यक्ष सरोकार राख्दछ। कमजोर रणनितीक तयारी रहेको अबस्तामा लिने कार्यनितिक चालहरु क्रान्तिको निमित्त अनुत्पादक मात्र नभै नकरात्मक हुने खतरा हुन्छ। त्यसैले हामीले क्रान्तिको शास्वत नियमहरु बारे ज्ञान राख्नु आवश्यक छ र हाम्रो तयारी ठोसढंगले गर्नु आबश्यक छ।

मार्क्सबादीहरु भन्छन "अन्तत: समाजको संपूर्ण अन्तर्विरोधहरु वर्गिय अन्तर्विरोध नै हो।" यसर्थ वर्ग संघर्ष नै शास्वत सत्य हो र वर्ग संघर्षले नै समाजको अन्य अन्तर्विरोधहरुको पनि हल निकाल्छ। राष्ट्र (जाति) भन्ने कुरा वर्ग जस्तो स्थिर होइन र साथै यो वर्ग जस्तो भौतिक वा वस्तुगत पनि होइन यो त विशुद्ध सांस्कृतिक बिषय भएको हुँदा पूर्णतय: आत्मिक बिषय हो। यसको ऐतिहासिकता वा प्रामणिकता पनि स्थापित गर्न सकिन्न यसर्थ यो वैज्ञानिक छैन। कुनैपनि वस्तु वैज्ञानिक हुन त्यो ऐतिहासिक र भौतिक हुनु अनिवार्य हुन्छ। तसर्थ राष्ट्रियताको सबालमा मार्क्सबादीहरु सर्वहारा अन्तररास्ट्रबादको वकालत गर्दछ। राष्ट्रिय स्वाधिनताको सबालले सर्वहारा वर्गलाई विभाजित गर्दछ भन्ने मत बलियो साथ उठाएको हुन्छ। त्यसैले कार्लमार्क्स स्वयंले उत्तरी आयरल्याण्डको राष्ट्रिय मुक्ती आन्दोलनलाई समर्थन गरेन। त्यसरी नै रोजा लक्सम्बर्गले पनि पोलल्यान्ड लगायत अन्य राष्ट्रिय मुक्ती आन्दोलनहरुको विरोध गरे। तत्कालिन यूरोप र रुसमा यहुदीहरुले उनिहरुलाई पनि एक राष्ट्रियताको रुपमा स्थापित गर्न शुरु गरेका यहुदी राष्ट्रिय आन्दोलनको पनि समर्थन गरेन जबकी रोजा आफै एक यहुदी नै थिए। तर केही एस्ट्रो-हङ्गेरिएन मार्क्सबादीहरु भने प्रश्ट रुपमा सांस्कृतिक राष्ट्रियताहरुलाई मान्यता दिनु पर्छ भन्थे। राष्ट्र-राज्यहरु जस्तै संयुक्त अधिराज्य वा ब्रिटेन भित्रको राष्ट्रहरु वएल्स, उत्तरी आयर्ल्याण्ड, स्कटल्याण्ड आदिहरुको स्वतन्त्रता, सार्वभौमिक्ता स्थापित हुनुपर्दछ भन्ने वकालत गर्थे।

नेपालको राजनीतिक मैदानमा नेपाल प्रजापरिषदको गठनसंगै शुरु भएको लोकतान्त्रिक आन्दोलनको प्रमुख वैचारिक लाइन समाजबादी आन्दोलन नै थियो। त्यो बेला युरोपको १७औं शताब्दिमा भएको पुनर्जागरण आन्दोलनबाट बिकास भएको तर्कबाद र मानवबादको चिन्तन जुनपछी यूरोप मै भएका ज्ञानोदय आन्दोलन पश्चात बिकास भएको राज्य र सरकारको अबधारणाबाट बिकसित भएका राज्य सिद्धान्तहरु मूलत: उदारबाद र मार्क्सबादबाट पूर्णतय प्रभावित थियो, यस्तो नयाँ औ नविन विचारको प्रभावबाट नेपालको आधुनिक राजनीतिक परिवर्तन निर्देशित भएका थिए। वेलायती औधोगीक क्रान्ति र फ्रान्स तथा अमेरिकाको राजनीतिक क्रान्ति पश्चात जब यूरोपमा पूँजिबादले जरा गाडे त्यसपश्चात परम्परागत उत्पादन प्रणाली भंग भई पूंजिबादी उत्पादन प्रणाली बिकास भए जुन प्रणालीले श्रमको वस्तुकरण गरे। श्रमिक वर्गले परिणामत: ठुलो विभेद खेप्नु पऱ्यो। श्रमिकहरुको दयनिय अवस्थाबाट मुक्त गर्न समाजबादको प्रतिपादन भए। तर यूरोपमा जब समाजवादीहरु विभजित भई सामाजिक लोकतन्त्रबादी र सर्वहारा अधिनायकत्व पक्षधर कम्यूनिष्ट पार्टीमा विभजित भए; यो विभाजनले दुई खाले विशिष्ट राज्य सिद्धान्त प्रस्तावित गऱ्यो। जसको प्रभाव नेपालको २००७ साल कालिन राजनीतिमा प्रष्टै देखियो। वैचारिक रुपले त्यसबेला प्रष्टै रुपमा तीन धारहरु; परम्परागत राजतन्त्रात्मक धार, उदारलोकतान्त्रिक धार र बामपन्थी कम्यूनिष्ट धारहरु विच अन्तर्विरोध बिकास भयो।

यहाँका प्रथमराष्ट्र स्व-देशी जनताहरु लगायत अन्य उत्पीडित जनताहरुले मुख्यगरी उदारलोकतान्त्रिक धार र बामपन्थी कम्यूनिष्ट धारमा पुरै समाहित भई राष्ट्रिय मुक्ती आन्दोलनलाई अगाडि बढाए। यो बेला साम्यवादको वकालत गर्ने मार्क्सबादी कम्यूनिष्ट र लोकतान्त्रिक समाजवादको वकालत गर्ने उदारबादी काँग्रेसहरुको आन्दोलन प्रमुख थियो भने राष्ट्रिय मुक्ती आन्दोलन शुसुप्त थिए। कम्यूनिष्टहरु माझ भने सशस्त्र क्रान्तिको सबाललाई लिएर बिभजित थिए। यसैक्रममा २०२८ सालमा आएर युवा कम्यूनिष्टहरुले प्रथम पटक सशस्त्र विद्रोहको अभ्यास गऱ्यो जसलाई झापा विद्रोह भनी चिनिन्छ। कम्यूनिष्ट आन्दोलनमा झापा विद्रोह एकखालको क्रान्तिको ट्राएल थियो। यो मूलत: भारतको कम्यूनिष्ट आन्दोलनमा देखापरेका दक्षिणपन्थी संशोधनबाद विरूद्धको जबर्जस्त विद्रोह "नकशलबादी विद्रोह"

बाँकी पृष्ठ ५ मा

## मधेश अपडेट

### सामाजिक सुरक्षा कोष र मटिहानी नगरपालिकाबीच सम्झौता

महोत्तरी। सामाजिक सुरक्षा कोष काठमाडौं र मटिहानी नगरपालिका बीच अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगार ब्यक्तिको सामाजिक सुरक्षा योजना संचालनका लागि बर्दिवासमा सम्झौता भएको छ। श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका मन्त्री शरत्सिंह भण्डारीको उपस्थितिमा मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मंडल र सामाजिक सुरक्षा कोषको तर्फबाट कार्यकारी निर्देशक कविराज अधिकारीले संयुक्त रुपमा हस्ताक्षर गरेका छन्। समझौतामा श्रमिक र स्वरोजगार व्यक्तिहरुलाई कोषमा आवद्ध गर्ने योजना रहेको जनाइएको छ।

### नेजपाद्वारा सम्मान र संगठन विस्तार

वीरगन्ज। नेपाल जनता पार्टी पर्सा जिल्ला समितिले सामाजिक एवं धार्मिक कार्यमा अग्रणी भूमिका निर्वाह गरेका राष्ट्रिय बजरंग दल पर्सा र समाजसेवी नरेन्द्र साहलाई सम्मान गरेको छ। मित्रराष्ट्र भारतको उत्तर प्रदेशमा श्रीराम मन्दिर अयोध्याधाम प्राण प्रतिष्ठानको पावन दिन वीरगंजबाट अयोध्या पैदल यात्रा गर्ने राष्ट्रिय बजरंग दलका हिन्दू योद्धाहरु मुना साह, चन्दन कुमार, सौरभ पटेल, शिव बाबा, रूपक यादव, एस सराफ, कृष्णा साह सहितको टोलीले १४ दिन पैदल यात्रा गरी ८ किलोको धनुषसहित श्रीराम जन्मभूमि तीर्थ क्षेत्रका महासचिव चमपत रॉयलाई बुझाएको थियो। श्री गहवा माई मन्दिर संचालक समिति माईस्थानको अध्यक्ष चयन भएका नरेन्द्र साहलाई नेज़पा पर्साले सम्मान गरेको हो। रानीसती मन्दिर बीरगंजमा नेपाल जनता पार्टी पर्सा जिल्ला समितिको अध्यक्ष अनिल कुर्मीको सभापतित्व एवम केन्द्रीय वरिष्ठ नेता हिन्दू अभियान्ता संतोषानन्द महाराजको प्रमुख आतिथ्यतामा सम्पन भएको थियो। कार्यक्रममा नेजपाका केन्द्रीय सदस्यहरु सुरेश साह कानू, बिनोद कुर्मी, प्रहलाद प्रसाद कलवार, पिया सिंह, युवानेता किरणमान डंगोल, बारा जिल्ला अध्यक्ष शुक्ला बाबा, मधेश प्रदेश समिति सदस्यहरु पारस दुबेदी, रामप्रसाद कुर्मी, विभा साह, मणिशंकर सिंह, पर्सा जिल्ला उपाध्यक्ष धीरज साह, महामन्त्री नवीन मिश्रा, मन्त्री आनन्द सिंह, जिल्ला सदस्यहरु सन्तोष कुशवाहा, मनोज सर्राफ, प्रमोद शर्मा, पिउस गुप्ता, दीपक कुमार सहितको सहभागिता रहेको थियो। विभिन्न पार्टी परित्याग गरी तीन दर्जन नेता कार्यकर्ता नेजपामा प्रवेश गरेका थिए। साथै बीरगंज महानगरपालिका वडा न.२ मा बिरेंद्र कुशवाहाको अध्यक्षतामा ३१ सदस्यीय वडा समिति गठन भएको छ। नेपाल जनता पार्टीले १४ स्थानीय तह, ४ संघीय निर्वाचन र ८ प्रदेश सांसद निर्वाचन क्षेत्रमा संयोजक चयन गरेको छ।

### बर्थिङ सेन्टर र बाल सघन उपचार कक्ष सेवा सुरू

रुपन्देही। लुम्बिनी प्रदेशमा बढ्दै गएको नवजात शिशु मृत्युदर र मातृ मृत्युदर घटाउन लुम्बिनी प्रादेशिक अस्पतालले बर्थिङ सेन्टर र बाल सघन उपचार कक्ष ( पिआईसियु) सेवा सुरु गरेको छ। बिहीबार लुम्बिनी प्रदेश सरकारका स्वास्थ्य मन्त्री राजु खनालले यसको उद्घाटन गरेका हुन्। परिवारका सदस्यहरू र विशेषज्ञसहित बच्चा जन्माउने सुविधासहितको बर्थिङ सेन्टर अस्पतालको ब्लक सी को पहिलो तल्ला र २८ दिनदेखि १४ वर्षसम्मका बालबालिकाको सघन उपचार गर्न अस्पतालको ब्लक सी तेस्रो तल्लाबाट यो सेवा प्रदान गरिरहेको लुम्बिनी प्रादेशिक अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. सुदर्शन थापाले बताए। कार्यक्रममा स्वास्थ्य मन्त्री राजु खनालले मन्त्रालयले प्रदेशका १३ वटा अस्पतालहरू व्यवस्थापन गर्दै आएको बताउँदै अहिले मन्त्रालयबाट सबैभन्दा धेरै लगानी यसै अस्पतालमा गर्दै आएको जानकारी दिए। उनले अस्पतालहरूमा देखिएका भौतिक एवम् जनशक्ति अभावलाई चिर्ने काम भइरहेको बताउँदै जनताले अहिले विश्वास गर्ने अस्पतालको रुपमा विकास हुँदै जानु राम्रो पक्ष भएको जनाए।

### पूर्वप्रधानमन्त्री चन्दलाई नागरिक अभिनन्दन गरिने

धनगढी। पूर्व प्रधानमन्त्री एवं वरिष्ठ साहित्यकार लोकेन्द्र बहादुर चन्दलाई धनगढीमा नागरिक अभिनन्दन गरिने भएको छ। नेपालको चार पटक प्रधानमन्त्री भएका चन्दलाई २०५४ सालमा 'बिसर्जन' कृतीका लागि मदन पुरस्कार प्रदान गरिएको थियो। उनका हिउँको तन्ना, नेताका साथी, पाहुन घर लगायतका दर्जन बढी साहित्यिक कृति प्रकाशन भएका छन्। धनगढीमा आयोजित पत्रकार सम्मेलनमा नागरिक अभिनन्दन समितिका संयोजक मायाप्रकाश भट्टले नेपाली साहित्य क्षेत्र र राजनीतिमा पुर्याएको योगदानको उच्च सम्मान गर्दै (उनको ८४ औं वसन्त पूजनको अवसरमा) पूर्व प्रधानमन्त्री चन्दलाई फागुन ३ गते धनगढीमा नागरिक अभिनन्दन गरिन लागिएको बताए।


सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

जलेश्वर नगरपालिका

महोत्तरी, मधेश प्रदेश



सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।



बलान बिहुल गाउँपालिका

सप्तरी, मधेश प्रदेश



सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।



देवानगन्ज गाउँपालिका

सप्तरी, मधेश प्रदेश

# राष्ट्रिय...

को यान्त्रिक नक्कल थियो । किनकी नेपालको कम्यूनिष्ट आन्दोलन पनि दक्षिणपन्थी संसोधनबादबाट अतिनै प्रभावित थियो । त्यस्तो बेला क्रान्तिको सही कार्यदीशा, रणनिती, कार्यनिती, कार्ययोजनाको बिकासबिना फगत नकशलबादीहरुको यान्त्रिक नक्कल थियो; प्रकारान्तरले यो विद्रोह असफल भयो । एवमरितले २०४० साल तिरदेखी प्रखर हुँदै आएका राष्ट्रिय मुक्ती आन्दोलनपनि प्रारम्भदेखिनै भारतको राष्ट्रिय मुक्ती आन्दोलनको यान्त्रीक नक्कलबाट पुरै प्रभावित देखिन्छ । भारतको राष्ट्रिय मुक्ती आन्दोलनहरू कुनै निर्दिष्ट राजनीतिक सिद्धान्त बिना नै एकखालको जातिय आन्दोलन जसरी बिकास भयो । परिणामत: त्यसमा संगठन नै आन्दोलन, आन्दोलन नै दर्शन जस्तो भयो । उदाहरणको निमित्त “झारखण्ड मुक्ती मोर्चा” आफै संगठन, आन्दोलन र दर्शन पनि भयो । र त्यसमा जबर्जस्तको हींसा मिसाएर क्रान्तिको नाम दियो । यस्तो आन्दोलनको न मार्क्सबाद, न उदारबाद, न कुनै अन्य वैचारिक वैचारिक लाईनसंग कुनै सम्बन्ध थियो । नेपालको राष्ट्रिय मुक्ती आन्दोलन यही भारतको राष्ट्रिय मुक्ती आन्दोलनको यान्त्रिक नक्कल भयो । उदाहरणको लागि “संघिय लिम्बुवान राज्य परिषद,” “तामाङ सालीङ स्वायत्त राज्य परिषद” मधेश आन्दोलनहरू आदि आफै संगठन, आन्दोलन र विचार पनि भयो । यी आन्दोलनहरुको कुनै निर्दिष्ट सिद्धान्त थिएन र छैन पनि । राष्ट्रिय जनमुक्ती पार्टीले समेत कुनै निर्दिष्ट सिद्धान्त, विचार, योजना बिना नै३० बर्ष बिताए । क्रान्तिको वैचारिक, राजनीतिक, भौतिक, तथा सांगठनिक तयारी बिना नै हचुवाको भरमा आन्दोलन गरियो । त्यसरी नै मधेशको आन्दोलनको पनि त्यही दुर्दशा भयो । यसर्थ चुनावी सफलता प्राप्त भए पनि सत्ता स्वार्थको कारणले विभाजन हुन पुग्यो । यसबाट पाठ सिक्दै जनता समाजबादी पार्टीले किटानी विचार, किटानी नेत्रित्व, किटानी योजना अगाडि सार्ने जमर्को गरेको छ । हामीले “स्वदेशबाद” लाई राज्यको सिद्धान्तको रुपमा प्रस्ताव गरेका छौं भने शासनकलाको विज्ञानको रुपमा बहुलराष्ट्रिय लोकतन्त्र, संघियता, सामुदायिक समाजवाद प्रस्ताव गरेका छौ। यो मुलत: १९९० को दशक पछी दक्षिण अमेरिकामा बिकास भएको राष्ट्रिय मुक्ती आन्दोलनहरुबाट प्रेरित छ ।

विश्वका धेरै आधुनिकवादीहरु “प्रथम राष्ट्र” “स्वदेशी” “राष्ट्रियता” जस्तो राजनीतिक शब्दवलीहरु भित्र सम्यस्या रहेको तर्क प्रस्तुत गर्दछ । उनिहरुको लागि बिकास भनेको एउटा यूरोपिएन समाजले बिकास गरेको खाका जस्तो हो र जेजे नयाँ बिकास हुन्छ त्यो त्यही आधारमा जायज ठहराइन्छ र यदी त्यो मान्यताहरु भन्दा सापेक्षित अन्तर राख्छ भने त्यो समाजकै लागि खतरनाक देख्दछ । नेपालको जातिय आन्दोलन विश्वकै एक उन्नत राष्ट्रिय मुक्ती आब्दोलनहरु मध्य एक हो भन्दा अतिशयोक्ती नहोला । राष्ट्रिय मुक्ती आन्दोलन विश्वभर भई रहेको लोक्तान्त्रिक र जनबादी आन्दोलन जतिकै अपरिहार्य भई सकेको तथ्यहरु प्रकाशित भएका छन । आधुनिकवादीहरु जसरी आधुनिक राष्ट्र-राज्य अनिवार्य हो भन्छन त्यसरी नै राजनीतिमा उदारबादी वा मार्क्सबादी धार बोकेका राजनीतिक दलहरुमात्र सांचो अर्थको राजनीतिक दल हुन सक्छन भन्ने तर्क गर्दछन । यो एकखालको यान्त्रिक बुझाई हो जुन १९-२०औ शताब्दीको उपज हो । तर सन १९९० को दशक पश्चात विश्वमा “स्वदेशबाद” एक शसक्त राजनीतिक विचार र प्रणालीको रुपमा बिकास भईसकेको तथ्यबाट धेरै स्वदेशी जनताहरु अनविज्ञ छन । उनिहरु त्यहि एमाले, कांग्रेस र माओबादी जस्ता राजनीतिक दलका नेताहरुले दिएको बासी प्रशिक्षणहरुको आधारमा आफ्नो तर्कहरु निर्माण गरिरहेको हुन्छन ।

१४. के होला नेपालको भविष्य र नेपालमा ऐतिहासिक रुपले उत्पीडित जाति-वर्गका जनताहरुको भविष्य

हामीले दावी गर्दै आएका छौं कि हालपर्यान्त अवस्थित मानव ईतिहासको ईतिहास भनेको जाति-वर्ग संघर्षको ईतिहास हो । यो ईतिहासलाई हेर्ने एक प्रमुख दृष्टिकोण हो तर यो मात्रै दृष्टिकोण चाँही हैन किनकी ईतिहासलाई हेर्ने अन्य दृष्टिकोणहरु पनि छन । तर यहाँ हामीले यसलाई प्रमुख दृष्टिकोण भनेका छौं । नेपालको राजनीतिक ईतिहास जाति-वर्ग संघर्षको ईतिहास हो । हाम्रो ईतिहासका वास्तविक पानाहरु जाति-वर्ग संघर्षको गाथाहरु ले भरिएको छ जहाँ उत्पिडक जाति-वर्ग र उत्पीडित जाति-वर्ग विच सम्झौता विहिन संघर्षहरु भएका छन । हाल पर्यान्तको जाति-वर्ग संघर्षमा रुपमा उत्पिडक जाति-वर्गले जितेको जस्तो देखिएतापनि वास्तविक जित सारमा उत्पीडित जाति-वर्गको नै हुँदै आइरहेको छ । नेपालको सन १७७० मा भएको १० लिम्बुवान विद्रोहदेखिको सबै राजनीतिक संघर्षहरु मूलत: जाति-वर्ग संघर्ष नै हो तथापी यसको प्रभावी रुप भने १० बर्षको जनयुद्ध मार्फत भएको यथार्थ हो । ईतिहासमा भएको जाति-वर्ग संघर्षहरुमा जातिय संघर्ष गौण वर्गिय संघर्ष प्रधान जस्तो देखिएको थियो किनकी यसको नेत्रित्व उत्पिडक वर्ण भित्रकै वर्गिय रुपमा निम्नमध्यम वर्गिय मनिसहरुले गरेको थिए । उनिहरु सिधै जातिय अन्तर्विरोधलाई सम्बोधन गर्न चाहन्न थिए । तर जब मुलुकमा दलिय परम्पराले मान्यता पाए, उत्पिडक वर्ण भित्र कै निम्नमध्यम वर्गिय नवशासकहरुको शक्ती संघर्ष र प्रतिश्पर्धामा केहीका लागी अब समाजको आधारसंरचनामा शुसुप्त रहेको ऐतिहासिक जातिय आन्तर्विरोधलाई नऊछालीकन प्रतिश्पर्धामा आफ्नो स्थान कायम राख्न मात्र नभै राजनीतिक रुपमा टिकिरहन असम्भवप्राय: भईसकेको थियो । यसविच नेपालको जाति-वर्ग संघर्षमा नेत्रित्व गरिरहेको शक्तिहरु मूलत: उदारबाद र मार्क्सवादको विचारका आधारमा आ-आफ्नो अवस्थालाई दार्शनिक रुपमा उचित ठहऱ्याउँदै आइरहेका थिए । त्यसक्रममा उदार लोकतन्त्रबादीहरुको लागि ०४७ सालको राजनीतिक परिवर्तन पश्चात राजनीतिक अन्तर्विरोध सम्बोधन भई सकेको मानिएको थियो तर मार्क्सवादी वा ( मालेमाबादी)हरुको निमित्त भने कम्यूनिष्ट पार्टीको गठनदेखी नै बहुप्रचारिक सशस्त्र क्रान्ति बांकी नै थिए । यसर्थ मुलत: उत्पिडक वर्ण भित्रकै मानिसहरुको पकड रहेको कम्यूनिष्ट पार्टीले सशस्त्र क्रान्ति गर्ने क्रममा घोषित जनयुद्धको बेला सुशुप्त रहेको जातिय अन्तर्संघर्षलाई घनिभूत रुपमा उपयोग गरे पश्चात नेपालको जाति-वर्ग संघर्ष ईतिहासकै उच्चतम बिकासको अवस्थामा आइपुग्यो । तर जब त्यो शक्तिले ऐतिहासिक जाति-वर्ग संघर्ष मार्फत ठुलै शक्ती प्राप्त गरे तब त्यस पार्टी भित्रका उत्पिडक वर्णका नेत्रित्वहरुको लागि जातिय मुद्दा फलामको च्युरा चपाएसरि भएको महशुश भए । फलत: त्यो शक्ती नत वर्ग संघर्ष सफल पार्ने सबालमा इमान्दार देखिएका छन न जातिय संघर्षलाई संबोधन गर्ने सबालमा । प्रकारान्तरले नेपालका उत्पीडित जाति-वर्गका जनताहरुले पुन: एकपटक राजनीतिक धोखा पाएको महशुस गरी रहेको छ । फलत: नेपालको ऐतिहासिक जाति-वर्ग संघर्ष बिना निश्कर्ष रह्यो र मुलुकमा व्याप्त सामाजिक-सांस्कृतिक, राजनितिक तथा आर्थिक अन्तर्विरोध नयाँ रुपमा कायमै रहने भए । तर अब हाम्रो अगाडि एक ज्वलन्त प्रश्न पनि खडा भएको छ कि अब उप्रान्तको जाति-वर्ग संघर्षको नेत्रित्व कुन शक्तिले गर्ने र त्यो शक्तिको राजनीतिक दर्शन के हुने?

हाल विश्वमा भई रहेको जाति-वर्ग संघर्षका परिघटनाहरु केलाउंदा हामी के पाउँछौं भने अबको जाति-वर्ग संघर्षको नेत्रित्व उत्पीडित जाति-वर्गका मानिसहरुले नै गर्नु पर्दछ र यसक्रममा ति नेत्रित्वहरुको नेत्रित्वमा हुने जाति-वर्ग संघर्षको विचबाट मात्र २१औं शताब्दिको वास्तविक सामाजिक लोकतन्त्र स्थापित हुनेछ । यसर्थ हामी ऐतिहासिक रुपले उत्पीडित जाति-वर्गका जनताहरुको सचेत हस्तछेपबाट मात्र नेपालको भविष्य उज्ज्वल बनाउन सकिन्छ । यसप्रकारले भन्दाखेरी ऐतिहासिक रुपले उत्पीडित जाति-वर्गका जनताहरुको निमित्त ठुलै चुनौतीका साथ मुलुकलाई दूर भविष्यसम्म नेत्रित्व प्रदान गर्ने एक सुवर्ण मौका प्राप्त भएका छन । यसर्थ अब हामी कुनैपनि प्रतिगमनकारी शक्तिहरुको भड्काउबाट सतर्क रहंदै मुलुक र मुलुकवासी प्रति पूर्णरुपेण जिम्मेवार रहदै राज्यसत्ताको अख्तियारी प्राप्त गर्न संघर्षको मैदानमा अथक कृयाशिल रहनु पर्छ । तर यस परिस्थितीमा हामीमा नै भएको वैचारिक ढुलमुलको तथा अझ खतरनाक रुपमा रहेको पद्लोलुप्ता अन्त्य गर्नु प्रथम: आवश्यक छ र यो विशुद्द आत्मगत बिषय हो जसको समाधान गर्न ठुलै ज्ञानमीमांसिय विधी अपनाउन सक्नु पर्दछ । यो फगतको बौद्धिक चिन्तनमात्रले समाधान गर्न सकिदैन । विश्वको बामपन्थी कम्यूनिष्ट आन्दोलन र दक्षिणपन्थी पूंजिबादी आन्दोलनको लामो ईतिहास केलाउंदा पनि हामी के पाउंछौं भने यि दुबै राजनीतिक धारहरुको स्थापित वैचारिक लाइनहरु पहिले नै संश्लेसित भएको हुँदा समेत फरक फरक मुलुकका राजनीतिक नेत्रित्वहरुले ठुलै परिश्रम गरी देश सुहांउदो रुपमा विचारको संश्लेशण गरेका थिए । हाम्रै मधेसका दलहरु र ति दलहरु भित्रको नेत्रित्वहरुले त्यस किसिमले वैचारिक तयारी गर्न नसक्दा कांग्रेस र कम्यूनिष्ट पार्टी तथा नेत्रित्वको अगाडि निरिह हुनु परेको दृष्टान्त देखिसकेका छन । तर हालका दिनहरुमा अकस्मात घोषणा हुँदै आएका नयाँ पार्टीहरुको दुर्दशा हेर्दा उत्पीडित जाति-वर्गका सच्चा क्रान्तिकारीहरु अचम्मित हुने परिस्थिती छन किनकी यि शक्तिहरु कतै क्रान्ति सम्पन्न भईसके जसरी बिना कुनै तयारी NGO दर्ता गरेसरी निर्वाचन आयोगमा दर्ता हुने होडमा छन ।

प्रा. बी. के. माबुहाङ लेख्नुहुन्छ, “नेपाली राज्य भन्नाले हिन्दू धर्म प्रधान, पर्वते उच्च जाति: बाहुन, क्षेत्री, सन्यासी, ठकुरी, पुरुष प्रधान, पर्वते भाषा (नेपाली भाषा) प्रधान राज्य भएका कारण सामाजिक आन्दोलन उनै समुह र सम्प्रदायको मात्र प्रभावकारी छ । तर जनजाति समाज, दलीत समाज, मुस्लिम समाज, मधेसी समाज जसको राज्य छैन उनको आन्दोलन निस्प्रभावि छ । परिणाममुखी छैन । किनकी जनजाति, मधेसी, मुस्लिम, दलित (मधेसी), महिला आन्दोलन जसको राज्य छैन, त्यो परिणाम मुखी भएको छैन ।” यी भनाइ फगत समाजको मीमांस मात्र त हैन होला । यो त्यस्तो यथार्थ हो जो परिवर्तनको बिषय हो । वा यो यथार्थमा परिवर्तन नभएसम्म हामीले चाहेको जस्तो शान्ति, संबृत्ती, र बिकास संभव छैन । अथवा जसको राज्य छैन उसलाई पनि राज्य हुनु पऱ्यो । यसरी हेर्दा जसरी मार्क्सबादले सर्वहारा वर्गको मुक्तिको सबालमा राज्य सत्ता बाहेक सबै भ्रम हो भनेको छ त्यसरी नै हामी उत्पीडित जाति (राष्ट्र) को लागि पनि सत्ता बाहेक सबै भ्रम हो भन्ने कुरा माथिको तथ्यबाट प्रमाणीत हुन्छ । त्यसो भए विश्व राष्ट्रिय मुक्ती आन्दोलनको रणनितीक लक्ष्य सत्ता प्राप्ति नै हो। सत्ता शासनसंग जोडीएको हुन्छ । हामीसंग सत्ता नभए पछी शासन गर्ने अधिकार पनि हुँदैन र हामी पर- शासित हुन्छौ । पर-शासित अवस्थामा हामीले गरेको सामाजिक आन्दोलनहरु स्वभाविकैले परिणाममूखी हुनै सक्दैन । त्यसो भए हाम्रो सत्ता चाहीं कस्तो हो त? के यो उदारबादी वा बामपन्थी सत्ता जस्तो हो त? संसारमा उदारलोकतन्त्र र सर्वहारा अधिनायकबादी कम्युनिष्ट सत्ताहरुले परम्परागत सामन्ती सत्ताहरु विस्थापित भएका थिए । यि दुबै खाले सत्ताहरुले १९औं र २०औं शताब्दी भरी प्रतिश्पर्धा गरेका थिए । हाल विश्वमा सर्वहारा लोकतान्त्रिक मोडेलको अधिनायकबादी सत्ताहरु समाप्त भई एक किसिमले यत्र-तत्र-सर्वत्र उदार-दक्षिणपन्थी पूँजिवादी सत्ताहरु छन भन्न सकिन्छ । त्यसो भए;

१. हाम्रो सत्तापनि उदारलोक्तान्त्रिक सत्ता नै हो त?

२. जसको दर्शनिक आधार उदारबाद वा नवउदारबाद हो?

३. कि हामीपनि हाम्रो कम्यूनिष्ट मित्रहरुले भने जसरी नै अन्तत: संपूर्ण संघर्षवर्ग संघर्षनै हो भन्ने मार्क्सबादको प्रस्थावना अनुसार नै अबको हाम्रो मुक्तीपनि नयाँ जनबादी क्रान्तिले स्थापना गर्ने सर्वहारा लोकतन्त्र भएको जनबादी सत्ताले मात्र गर्छ भन्ने?

४. हामीले स्थापना गर्न खोजेको सत्ता कस्तो हुने?

५. त्यसको दार्शनिक आधार के हुने?

६. त्यसको आधारमा हुने शासनकलाको विज्ञान के हो वा हुने?

७. त्यस्तो सत्ताको अर्थ-राजनिती कस्तो हुने?

८. त्यस्तो सत्ता भित्रको वर्ग संघर्ष कस्तो हुने?

९. त्यस्तो सत्ताको भौतिकता तथा ऐतिहासिक्ता के हो?

१०. त्यस्तो सत्ताको वैज्ञानिकता र वैधता स्थापित कसरी हुने?

११. त्यस्तो सत्ताले मानव समाजको अन्तर्विरोधहरुको हल कसरी गर्ने? र

१२. कसरी मानव मुक्तीलाई साकार पार्ने?

यि प्रश्नहरुको उचित विश्लेशण विना सही संश्लेशण हुनै सक्दैन । र ठोस परिस्थितीको ठोस विश्लेशण विना ठोस संश्लेशण हुन सक्दैन र त्यो बिना खोलिएको कुनै पनि दल वा त्यस्तो दलद्वारा संचालित आन्दोलन परिणाममूखी हुन सक्दैन । उपरोक्त बिषयहरु क्रान्तिको रणनिती र कार्यनितीसंग प्रत्यक्ष जोडीएको हुन्छ र एवंरितले क्रान्तिको निर्दिष्ट सिद्धान्तसंग जोडीएको हुन्छ । जब क्रान्तिको दार्शनिक पक्ष गलत हुन्छ त्यसले ईतिहासको गलत व्याख्या हुनपुग्दछ । जब ईतिहासको गलत व्याख्या हुन्छ त्यसले गलत राजनीतिक यात्रा लिनपुग्दछ । जब गलत राजनीति पक्रन्छ त्यसले जनताका आर्थिक सवालहरुको सही हल दिन सक्दैन र अन्तत: क्रान्ति अबसरबादमा फस्न पुग्दछ । त्यसैले अप्रिय नै भएतापनि हामीले बिना वैचारिक तयारी क्रान्तिको अन्य तयारीहरु गर्नु अनर्थ हुन जान्छ र वैचारिक तयारीको निमित्त वैचारिक वहस अनिवार्य हुन्छ ।

जनता समाजबादी पार्टीको नेपाली क्रान्तिको कार्यदिशा “अभियानमा निरन्तरता संघर्षमा जोड विद्रोहको तयारी” अन्तर्गत अगाडि सारेका क्रान्तिको “चार विकल्प चार तयारी” अब परिपक्व भएको सन्दर्भमा अब हामी वर्तमान

*क्रमश:...*

सूचना ! सूचना !! सूचना !!!

‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । ’कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।’
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

चन्द्रनगर गाउँपालिका
सर्लाही, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । ’कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।’
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

महोत्तरी गाउँपालिका
महोत्तरी, मधेश प्रदेश

## संक्षिप्त समाचार

### नक्कली नोटसहित एक जना पक्राउ

बारा । जितपुरसिमरा उपमहानगरपालिका-७ जितपुर बजारबाट १ हजार दरको ६१ थान नक्कली नोटसहित एक जना पक्राउ परेका छन् । सर्लाही चन्द्रनगर नगरपालिका-३ बस्ने ४४ वर्षीय राम चन्द्र महत्तोलाई मंगलबार बेलुकी प्रहरीले पक्राउ गरेको हो । सोही ठाउँस्थित प्रभु शाह कलवारको सुर्ति किराना पसलबाट नक्कली नोटले सामान किनेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय जीतपुरबाट खटिएको प्रहरीले महत्तोलाई उक्त नक्कली नोटसहित पक्राउ गरेको जनाइएको छ ।

### चाादीका विभिन्न समानसहित पक्राउ

मोरङ । रंगेली नगरपालिका-७ कालीमन्दिर चोकबाट २ किलो ५ सय ४८ ग्राम बराबरको चाँदीको पाउजु ६९ जोडी, लोटा २५ थान र कलस ६ थानसहित भारत अररिया आमगाछी बस्ने २२ वर्षीय मोहमत अलताफलाई बिहीबार बिहान प्रहरीले पक्राउ गरेको छ । अवैध रूपमा चाँदीका सामान ओसार पसार भइरहेको भन्ने सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय रंगेलीबाट खटिएको प्रहरीले उनलाई उक्त चाँदीको सामानसहित फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### मोटरसाइकल दुर्घटनामा चालकको मृत्यु

मोरङ । ग्रामथान गाउँपालिका-२ सुखानी खोला छेउस्थित सडकमा को.२३ प ४९ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ । मंगलबार राति दुर्घटना हुँदा चालक कटहरी गाउँपालिका-७ बस्ने ३२ वर्षीय मनोज विश्वासको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको कोशी अस्पताल विराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो ।

### बसको ठक्करबाट बालिकाको मृत्यु

बारा । सुवर्ण गाउँपालिका-२ सतगंज बोर्डरमा ना.३ ख ९९९० नम्बरको बसको ठक्करबाट एक बालिकाको मृत्यु भएको छ । कलैया उपमहानगरपालिका-८ मदरसा टोल बस्ने मुना साहकी छोरी २ वर्षीया अंतिमा कुमारी साहको बुधबार बिहान मृत्यु भएको छ । बसबाट ओर्ली बाटोमा हिँड्ने क्रममा बसको पछाडीको चक्काले ठक्कर दिँदा गम्भीर घाइते भएकी उनको प्रादेशिक अस्पताल कलैयामा उपचारको क्रमममा मृत्यु भएको हो ।

### ट्याक्टरको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

कपिलवस्तु । बुद्धभूमि नगरपालिका-९ ईमिलियास्थित सडकमा लु.४ त ५१११ नम्बरको ट्याक्टरले लु.५५ प ८६८७ नम्बरको मोटरसाइकललाई सोमबार दिउँसो ठक्कर दिँदा मोटरसाइकल चालक शिवराज नगरपालिका-१ भलुही बस्ने १७ वर्षीय ईश्वर थारूको मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको जिल्ला अस्पताल तौलिहवामा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार अन्य १ जनाको बुद्धपोलिक्लिनिक गोरुसिंगेमा उपचार भइरहेको छ । प्रहरीले हाल फरार ट्याक्टर चालकको खोजी गर्नुका साथै दुर्घटनाका सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

### बाह्रबोरको एकनाले बन्दुकसहित पक्राउ

रौतहट । चन्द्रपुर नगरपालिका-६ स्थित डाबरीबाट बाह्रबोरको एकनाले बन्दुक १ थानसहित सोही ठाउँ बस्ने ४५ वर्षीय हरी स्याङतानलाई शुक्रबार राति प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय चपुरबाट खटिएको प्रहरीले ना.५१ प ७३२५ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलको लेग-गार्डमा प्लाष्टिकको बोरामा लुकाई राखेको उक्त बन्दुक फेला पारी चालक स्याङतानलाई पक्राउ गरेको हो । साथै हाल फरार मोटरसाइकलमा सवार १ जनाको प्रहरीले खोजी गरिरहेको जनाएको छ ।

### मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

रूपन्देही । लुम्बिनी सांस्कृतिक नगरपालिका-४ स्थित सडकमा कालिदहबाट लुम्बिनीतर्फ जाँदै गरेको मोटरसाइकल दुर्घटना हुँदा एक जनाको ज्यान गएको छ । लु.७६ प ९०२५ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भई शुक्रबार राति दुर्घटना हुँदा चालक सोही ठाउँ बस्ने ४० वर्षीय राधेश्याम कुर्मीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको भीम अस्पताल भैरहवामा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार १ जनालाई थप उपचारको लागि मेडिकल कलेज भैरहवा रिफर गरिएको छ ।

### मोटरसाइकल चोरीमा संलग्न व्यक्ति पक्राउ

मोरङ । विराटनगर महानगरपालिकाका विभिन्न स्थानबाट मोटरसाइकल चोरी भएको घटनामा संलग्न रहेको अभियोगमा भारत अररिया बस्ने ३५ वर्षीय सिकन्दर मण्डललाई बुधबार प्रहरीले पक्राउ गरेको छ। विराटनगर क्षेत्रबाट मोटरसाइकल चोरी भएको घटनाको जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले अनुसन्धान गर्ने क्रममा उनको संलग्नता रहेको खुल्न आएपछि उनलाई पक्राउ गरेको हो । साथै मोटरसाइकल चोरी गरी नम्बर प्लेट फाली भारततर्फ लैजाने उद्देश्यले विराटनगर महानगरपालिका-१४ स्थित लुकाई राखेको अवस्थामा २ थान मोटरसाइकल समेत प्रहरीले बरामद गरेको छ । मण्डलले लामो समयदेखि नेपालको सिमा क्षेत्रबाट संगठित रूपमा गिरोह परिचालन गरी मोटरसाइकल चोरी गर्ने गरेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ ।

### दुई मोटरसाइकल ठोक्किादा एकको मृत्यु

रूपन्देही । सिद्धार्थनगर नगरपालिका-३ दर्खसवामा लु.९५ प १९३३ नम्बर र लु.९६ प ३६०४ नम्बरका दुई मोटरसाइकल एकआपसमा ठक्कर खाई बिहीबार दिउँसो दुर्घटना हुँदा लु.९६ प ३६०४ नम्बरको मोटरसाइकलमा सवार सिद्धार्थनगर नगरपालिका-२ मेउडिहवा बस्ने ३४ वर्षीय आशिष श्रेष्ठको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको मेडिकल कलेज भैरहवामा उपचारको क्रममा मृत्यु भएको हो । दुवै मोटरसाइकलका चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।



# बीआरआई ऋणलाई अनुदानमा परिणत गर्न प्रदर्शन

पोखरा । चिनियाँ महत्वकांक्षी रुपमा रहेको आर्थिक सहयोग बीआरआई परियोजना मुलुकका लागि ऋणजाल भएको भन्दै पोखरामा प्रदर्शन गरिएको हो ।

राष्ट्रिय एकता अभियान, पोखराले ऋणमुक्त र स्वाधीन पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका लागि सचेतना रैली निकाल्दै प्रदर्शन गरेको हो ।

अभियानका केंद्रीय सदस्य ईश्वर लामाको नेतृत्वमा गरिएको विरोध प्रदर्शनमा पोखरा बिमानस्थललाई ऋणजालबाट मुक्त गर, विमानस्थल पूर्णरुपले संचालन गर, राष्ट्रिय स्वाधीनताको रक्षा गर, बीआरआई ऋणलाई अनुदानमा परिणत गर जस्ता नारा लगाइएको थियो ।




पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको चिनियाँ ऋण अनुदानमा परिणत गरियोस भन्दै मुख्य मागसहित निकालिएको रैली पोखराको सभागृह अगाडिबाट सुरु भइ नगरपरिक्रमा गरी पृथ्वीचौकमा पुगेपछि कोण सभामा परिणत भएको थियो ।

कोणसभामा बोल्दै प्रमुख अतिथि अभियानका केन्द्रीय संयोजक विनय यादवले अप्रत्यासित रुपमा बढेको चिनिया सक्रियताले मुलुकको राष्ट्रिय स्वाधिन्ता खतरामा परेको आरोप लगाएका थिए ।

संयोजक यादवले आर्थिक सहयोगको बहानामा देखिएको चिनको सक्रियता र सहयोग दुबै नेपाल र नेपाली जनताको भविष्य खतरामा डुब्दै गएको बताउदै राष्ट्रिय स्वतन्त्रताको रक्षा गर्न ठुलो आवश्यकता रहेको बताए ।

उनले आउने समयमा पोखरा अन्तर्राष्ट्रिय बिमानस्थलको लागि चिनले दिएको सहयोग नेपालको लागी ठुलो ऋणजाल सबित हुने ठोकुवा गर्नुभयो ।संयोजक यादवले पोखरा बिमानस्थलमा देखिएको आर्थिक घाटापुर्तिको बहानामा चिनिया सेना पोखरामा ल्याउने ठुलो खेलभइरहेको आरोप समेत लगाएका थिए ।नेपालको सार्वभौमसता माथि बढदै गएको खतराबाट समयमै सचेत हुन सबै नेतालाई आफुहरुले पटक पटक अनुरोध र आहवान गर्दै आएपछि घैटोमा घाम नलाग्नु दुखको कुराभएको सहयोजक यादवको भनाइ थियो ।

यादवको भनाईमा समर्थन गर्दै अन्य बक्ताहरूले राष्ट्रिय एकता, विकास र समृद्धिका लागि नेपालले चीनसंग गरेको बिआरआई सम्झौता अबिलम्ब खारेजीको मांग गरेका थिए ।

कार्यक्रमका अरु बक्ताहरुले राष्ट्रिय स्वाधीनताको महत्व,मुलुकमा देखिएको आर्थिक तरलता र बीआरआई आर्थिक सहयोग भन्दा पनि मुलुकको लागी ठुलो ऋणजाल भएको कुरामा जोड दिएका थिए । वक्ताहरुले पोखरा अन्तर्राष्ट्रिय बिमानस्थलको व्ययभारबाट भबिष्यमा हुने ठुलो आर्थिक नोक्सानीबाट जोगीन अहिलेको मुख्य आवश्यकता रहेको बताएका थिए ।

कार्यक्रमका सुनिल धामीले सहभागी सबैलाई धन्यवाद व्यक्तगर्दै तराईमा बढदै गएको चिनीया सक्रियताबाट सचेत हुन मधेस प्रदेश सरकारका मन्त्रि लगायत सबै नेताहरुलाई आहवान गरेका थिए ।कार्यक्रम संचालन शेरबहादुर बिश्वकर्माले गरेका थिए ।

# बर्दिवास नगरपालिका र ग्रिनसिफ्ट परियोजनाबीच कार्यक्रम सन्चालन गर्ने सहमतीपत्रमा हस्ताक्षर



बर्दिवास । दिगो विकासतर्फको महत्वपूर्ण कदममा बर्दिवास नगरपालिकाले ग्रीन सिफ्ट परियोजनासँग आधिकारिक रूपमा साझेदारी गरेको छ। Green ShiftM Circularity of Plastic Waste for Net (Zero Carbon Nepal - GreenShift Nepal), चक्रिय अर्थतन्त्र प्रवर्द्धन गर्नका लागि युरोपेली संघको सहयोगमा कार्यन्वयन हुन लागेको चारवर्षीय परियोजना हो । यस परियोजनाको कार्यान्वयन गर्ने नेतृत्व CREASION ले लिएको छ भने, यसका कन्सोर्टियम साझेदारहरू Restless Development, / Youth Innovation Lab (YI–LAB) रहेका छन् । त्यसैगरी बर्दिवास नगरपालिकाले फोहोरमैला व्यवस्थापनका लागि तथ्यांक संकलन, अनुसन्धान र नीति निर्माणमा सहयोग गर्न नगरपालिकामा भर्यिध राख्नका लागि Waste Smart Fellowship सम्झौता ज्ञापन पत्रमा पनि हस्ताक्षर गरेको छ ।

बर्दिवास नगरपालिकाका उपमेयर तारा देवी महतोले साझेदारीप्रति उत्साह व्यक्त गर्दै भन्नुभयो, ‘हामी यस परियोजनामा हस्ताक्षर गर्न र साझेदारहरूसँग मिलेर काम गर्न पाउँदा धेरै खुसी छौं। हामी आशावादी छौं कि प्रस्तावित गतिविधिहरूले हाम्रो नगरपालिकालाई प्लास्टिक फोहोर व्यवस्थापन क्षेत्रमा ठूलो प्रभाव पार्ने छ, र हामी यस परियोजनालाई कार्यान्वयन गर्न हाम्रो पूर्ण सहयोगको वाचा गर्दछौं ।“

बर्दिवास नगरपालिकासहित ग्रिनसिफ्ट नेपाल परियोजनाले बागमती, लुम्बिनी र मधेश प्रदेशका ९ ओटा पालिकामा काम गरिरहेको छ । ग्रीनसिफ्ट नेपालले फोहोर सङ्कलन गर्ने उद्योग, साना तथा मझौला उद्योग, सफाइकर्मीहरुको संस्था, युवाहरू, विद्यालयका बालबालिकाहरू र तीन तहका सरकारहरूसँग मिलेर काम गर्नेछ। परियोजनाले सरसफाइ क्षेत्रमा आबद्ध उद्यमीहरूको क्षमता निर्माण गर्न उनीहरूको प्लास्टिक फोहोर संकलन क्षमता अभिवृद्धि गर्ने; प्लास्टिक वैकल्पिक उत्पादन र प्याकेजिङ्गको प्रवर्द्धनको लागि साना तथा मझौला उद्योगलाई समर्थन गर्ने; ज्ञान र चेतना अभिवृद्धि गर्न विद्यार्थीहरूसंग काम गर्ने; युवाहरूलाई पैरवी र सचेतना अभियानहरूमा संलग्न गराउने; र युवा र सफाइकर्मीहरुको संस्थाको सक्रिय संलग्नता मार्फत समावेशी र प्रमाणमा आधारित नीतिनिर्माणका लागि तीन तहको सरकारलाइ सहयोग गर्ने उद्देश्य राखेको छ ।

यसैगरी, नेपालको सन् २०४५ सम्ममा नेट शून्य उत्सर्जन हासिल गर्ने प्रतिबद्धतालाई यस परियोजनाले प्रवर्धन गर्दछ । यसले सन् २०३० सम्ममा १०० नगरपालिकाहरूमा फोहोर छुट्याउने र फोहोरबाट ऊर्जा बनाउन पहल गर्ने प्रतिबद्धता राखेको राष्ट्रिय निर्धारित योगदान (एनडीसी) लक्ष्यहरूमा पनि योगदान पुर्यायउँछ।

नीति विकास, सचेतना अभियानहरू, र क्षमता-निर्माण पहलहरूमा सक्रिय संलग्नताको माध्यमबाट, बर्दिवास नगरपालिकाले चक्रिय अर्थतन्त्रमा महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरेको छ, जसले गर्दा दिगोपन र वातावरणीय व्यवस्थापनका राष्ट्रिय लक्ष्यहरूमा योगदान पुर्याउँछ। बर्दिवास नगरपालिकाको यो पहलले वातावरणीय चुनौतीहरूको सम्बोधनमा सक्रियता देखाउँदै अन्य नगरपालिकाहरूको निम्ति उदाहरणिय बनेको छ । विगत केही दशकहरूमा प्लास्टिकको खपत उल्लेखनीय रूपमा बढेको छ, जसले प्लास्टिक फोहोर व्यवस्थापनका लागि महत्त्वपूर्ण चुनौतीहरू सिर्जना गरेको छ। नेपालभरका ल्यान्डफिलहरूमा दैनिक करिब ६०० टन प्लाष्टिक फोहोर फालिन्छ जुन प्रतिवर्ष २१९,००० टन हो। त्यसैगरी, नेपालमा प्लास्टिक चुहावट प्रतिवर्ष करिब २०,६०० टन हुने अनुमान छ। यी प्लास्टिकहरू समयको साथ वातावरणमा संचित भएर म्याक्रो र माइक्रो प्लास्टिकमा परिवर्तन हुन्छन् जसले वातावरणमा नकारात्मक प्रभाव पार्छ। त्यसैले प्लाष्टिकको परिक्रमा प्रवर्द्धन गर्न ग्रीनसिफ्ट नेपालले महत्वपूर्ण भूमिका खेल्नेछ ।

# कृषि र कृषकको समस्या समाधानका लागि रुपान्तरणकारी परियोजना ल्याउँदै नार्क

काठमाडौं । नेपाल कृषि अनुसन्धान परिषद (नार्क) ले आर्थिक बर्ष २०८१/८२ का लागि रुपान्तरणकारी परियोजनाहरु ल्याउँने तयारीमा जुटेको छ । नेपालको कृषि अनुसन्धानमा अग्रणी संस्थाको रुपमा स्थापित नार्कले मुलुकको कृषि क्षेत्रका केही ज्वलन्त समस्याहरुलाई सम्बोधन गरी समाधान गर्ने प्रविधि विकास गर्न बिभिन्न परियोजना निर्माण गर्दै अगामी आर्थिक बर्षदेखि लागू गर्ने आन्तरिक तयारीमा जुटेको छ ।

सरकारले निर्दिष्ट गरेको चैते धान लगायतका बालीहरुको क्षेत्र विस्तार गर्ने उद्देश्यमा सघाउ पुर्याउन गुणस्तरीय प्रजनन र मूल बीउ उत्पादनको वृहत् परियोजना लागू गरी वीउको माग पूरा गर्ने तयारी नार्कको रहेको छ । यसैगरि मकै र गहुँका उन्नत प्रविधि विकास र विस्तारको योजना पनि लागू गरी आत्मनिर्भर अभियान सघाउ पुर्याउने योजना नार्कको रहेको छ ।

सरकारको कृषि नीति तथा उत्पादन वृद्धिका कार्यक्रमलाई सफल बनाउँने उदेश्यले नार्कले बृहत वीउ उत्पादन कार्यक्रम ल्याउँन लागेको हो । नार्कका कार्यकारी निर्देशक डा.ध्रुवराज भट्टराईका अनुसार अगामी बर्षहरुमा नार्कको बृहत् वीउ उत्पादन कार्यक्रमबाट खाद्यान्न र तरकारीको आयात न्यूनीकरणमा यसबाट सघाउ पुग्नेछ ।

सरकारको योजना, नीति तथा कार्यक्रम एवं कृषि तथा पशुपन्छी विकासमन्त्री डा.वेदुराम भुसालको निर्देशन अनुसार नार्कले बाँझो एवं उपयोग नभएको जग्गालाई सदुपयोग गर्ने उद्देश्य अनुसार बाँझो जमिन सदुपयोग परियोजना लागु गर्ने तयारी नार्कको रहेको छ । यसका लागि पहिले नार्कका फार्म केन्द्रहरुका बाँझो जमिनको उपयोग र विस्तारै गाउँगाउँका बाँझा जग्गाको उपयोगको लागि उपयुक्त प्रविधिको विकास र विस्तारलाई सघन रुपमा लैजाने योजना छ ।

यसैगरी कागतीमा नेपाललाई आत्मनिर्भर बनाउँनका लागि नार्कले कागतीमा आत्मनिर्भर परियोजना अन्तर्गत नर्सरी व्यवस्थापन, जातीय विकास, गुणस्तरीय बेर्ना उत्पादन र नर्सरी सम्बन्धी तालीमका कार्यक्रम लागू गरिनेछ । तरकारी बालीमध्ये खेती गर्न सजिला तर ठूलो परिमाणमा आयात भइरहेका खुर्सानी, लसुन र प्याजमा प्रविधिको उत्पादन र विस्तारका लागि समेत नार्कले योजना निर्माण गर्दै कार्यान्वयन गर्ने तयारी गरेको छ ।

हाल कृषकस्तरमा व्यापकता लिइरहेका स्याउ, सुन्तला र ओखरको संघन खेती प्रविधि विकास र विस्तारमा पनि नार्कले योजनावद्ध ढंगले काम गर्ने बताइएको छ । धेरै उत्पादन र बिक्री हुने तरकारीहरु गोलभेंडा र काक्रोका बर्णशंकर वीउ उत्पादन प्रविधि मार्फत् गुणस्तरीय प्रजनन र मूल बीउको परिमाण बढाउने र माग पूरा गर्नेगरी नार्कले रुपान्तरणकारी परियोजना लागू गर्नेछ ।

पहाडी भेगमा यान्त्रीकरणको वृहत् अनुसन्धान परियोजना मार्फत् नार्कले पहाडका ससाना गराहरुमा उपयुक्त यान्त्रिक प्रविधिको विकास र विस्तारका कार्यक्रम लागू गर्नेछ । बंगुर, स्याउ र अलैंचीको क्षेत्रमा कृषि मन्त्रालय र मातहतका निकायसँगको सहकार्यमा अनुसन्धान र विकासका परियोजना सञ्चालन गर्ने यस्तो सहकार्य बोयर बाख्रा र पंगास माछाको क्षेत्रमा पनि गरिने जनाइएको छ ।

नार्कले हाल मुलुकमा विद्यमान जंगली जनावरबाट हुने वालीवस्तुको क्षति न्यूनीकरण गर्न उपयुक्त प्रविधिको विकास र विस्तारको लागि पनि रुपान्तरकारी योजना ल्याउँदैछ । विशेषगरि स्थान विशेषमा रहेका बाँदर, बँदेल, निलगाई, सुगा, काग, जुरेली जस्ता जनावरबाट हुने क्षति रोक्न उपयुक्त यन्त्र र प्रविधि विकास गरिनेछ ।

राष्ट्रिय कृषि प्रविधि सूचना केन्द्रका प्रमुख डा.कालिकाप्रसाद उपाध्यायका अनुसार यी रुपान्तरणकारी परियोजनाले मुलुकका कृषि क्षेत्रमा देखा परेका मुख्य समस्याहरुको निराकरण गर्न उल्लेख्य मद्दत गर्नेछन् । डा. उपाध्यायका अनुसार नार्कले अगामी आर्थिक बर्षमा सरकारको सहयोगमा किसानसँग वैज्ञानिकको अवधारणा अनुरुप किसानलाई प्रविधि सिकाउन आवासीय तालिमको लागि किसान गेष्ट हाउस, दिनरात समय दिनुपर्ने वैज्ञानिक र अनुसन्धानकर्ताहरुको लागि कर्मचारी आवास गृह, डिजिटल सूचना प्रविधिले युक्त र सुविधा सम्पन्न तालीमहलको समेत व्यवस्था भएको कृषि प्रविधि सूचना भवनको निर्माण जस्ता पूर्वाधार विकासका योजना समेत ल्याउँदैछ ।


## सूचना ! सूचना !! सूचना !!!

‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । ’कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।’
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

वीरगन्ज महानगरपालिका
पर्सा, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । ’कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।’
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



मटिहानी नगरपालिका
महोत्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । ’कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।’
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



बसबरीया गाउँपालिका
सर्लाही, मधेश प्रदेश

# चिनियाँ ठेकेदारलाई चेतावनी



काठमाडौं । भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालाले नारायणगढ-बुटवल सडक विस्तार आयोजनाको ठेकेदार कम्पनी चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेशन लिमिटेड (सिएससीईसी) लाई कडा चेतावनी दिएका छन् ।

सोमबार बसेको बैठकमा मन्त्री ज्वालाले आयोजना समयमै सम्पन्न गर्न चिनियाँ कम्पनीलाई निर्देशन दिँदै म्याद थप गर्न नहुनेमा जोड दिएका हुन् ।

चिनियाँ ठेकेदार, सडक विभागका महानिर्देशक, सांसद र स्थानीय जनप्रतिनिधिको उपस्थितिमा भएको बैठकमा मन्त्री ज्वालाले आयोजनाको समयतालिका पालना गर्नुपर्नेमा जोड दिए । उनले थप ढिलाइ सहने छैन र सम्झौता खारेज हुने सम्भावना रहेको चेतावनी दिए ।

मन्त्री ज्वालाले भने, 'अहिले समयमै काम सम्पन्न गर्न जरुरी छ । कुनै पनि थप ढिलाइ सहने छैन, र सम्झौता समाप्त हुने सम्भावना छ। हामी यस परियोजनामा कुनै पनि अवरोधहरू सहन सक्दैनौं। "

सांसद विनोद चौधरीले ठेकेदारको प्रतिबद्धताप्रति चिन्ता व्यक्त गर्दै मासिक लक्ष्य पूरा गर्न मन्त्रीलाई आग्रह गरे । चौधरीले ठेकेदारले लक्ष्य पूरा नगरे भुक्तानी कटौती गर्ने र आवश्यक परे अर्को ठेकेदारलाई जिम्मेवारी हस्तान्तरण गर्ने प्रस्ताव राखे ।

चौधरीले भने, 'ठेकेदार कम्पनीले बारम्बार प्रतिबद्धता पूरा नगरी काम गर्नु अब मान्य छैन । हामीले ढिलाइबाट जोगिनै पर्छ र गैर-अनुपालन ठेकेदार विरुद्ध 'क्षति दावी' दायर नगरी अन्य ठेकेदारहरूलाई परिचालन गर्नुपर्छ।

साथै चौधरीले नारायणगढ-बुटवल सडकको मर्मतसम्भार एक महिनाभित्र सहज बनाउन ठेकेदारलाई निर्देशन दिनुभयो । तोकिएको समयसीमा अनुसार सम्पूर्ण परियोजना सेप्टेम्बर २०२४ सम्ममा सम्पन्न हुने अपेक्षा गरिएको छ।

मन्त्री ज्वालाले चिनियाँ ठेकेदारको हालको आचरण सम्झौतासँग बाझिएको भन्दै ठेकेदारले ठेक्काका सर्तहरू पालना गर्नुपर्नेमा जोड दिनुभयो । उनले सडक मर्मतसम्भारका लागि तोकिएका सर्त र ट्राफिकको सहज प्रवाह निर्माणको क्रममा रहेका बेला पनि ठेक्काको अभिन्न अंग भएको बताए ।

साथै, मन्त्री ज्वालाले बाँकी लेनको काम अघि बढाउन ठेकेदारलाई दुई लेनको सडक कालोपत्रे गर्ने कार्यलाई प्राथमिकता दिन निर्देशन दिनुभयो । यस निर्देशनले तत्काल सार्वजनिक प्रयोगको लागि सडकको महत्वपूर्ण खण्डहरू पूरा गर्ने कार्यलाई तीव्रता दिने लक्ष्य राखेको छ।

संसदको भौतिक पूर्वाधार विकास समितिका अध्यक्ष दीपकबहादुर सिंहले ठेकेदार कम्पनीको कामको गतिप्रति चिन्ता व्यक्त गर्दै चीनमा पनि सोही गतिमा काम गरेको भए नतिजा कस्तो हुन्थ्यो भन्ने प्रश्न गरे । सिंहले ठेकेदार कम्पनीले अन्तर्राष्ट्रिय आयोजनामा संलग्न चिनियाँ ठेकेदारको प्रतिष्ठामा आँच पुऱ्याएको भन्दै आलोचना गरे ।

# चिनियाँ अपराधीहरूको अप्रत्यक्ष आगमनले नेपालमा सुरक्षा चिन्ता बढायो

काठमाडौं । चिनियाँ नागरिकहरू कुनै पनि प्रतिबन्ध बिना भारतीय सीमा सहित नेपालको विभिन्न भागहरू पार गर्दै छन्, जसले सुरक्षा अधिकारीहरूलाई नेपालको सम्भावित सुरक्षा खतराहरूमा बढ्दो चिन्ता व्यक्त गर्न प्रेरित गर्दछ ।

गत वर्ष मात्रै वैध कागजपत्रविना नेपालबाट भारत प्रवेश गर्न खोज्दा १५ चिनियाँ नागरिक पक्राउ परेका थिए ।

सुरक्षा रिपोर्टहरूले यी चिनियाँ नागरिकहरूको कार्यको पछाडि एउटा अशुभ उद्देश्यको सुझाव दिन्छ, जसले झूटा कथाहरूको प्रचार गरेर भारत-मधेस सम्बन्धलाई तनावपूर्ण बनाउने प्रयास गरेको संकेत गर्दछ।

धेरै चिनियाँ नागरिकले नेपाली नागरिकताको नक्कली प्रमाणपत्र र राहदानी बनाएर नेपाल र भारत दुवै देशमा गैरकानुनी गतिविधिमा संलग्न भएको स्रोतको दाबी छ ।

भारतको मणिपुर राज्यबाट नक्कली भारतीय आधार कार्ड बनाएको आरोपमा नेपाल प्रहरीले सुन तस्करीमा संलग्न १० चिनियाँ नागरिकलाई पक्राउ गरेको एउटा उल्लेखनीय घटना हो ।

उच्च स्थानमा रहेका सुरक्षा श्रोतले स्थानीय निकायलाई भ्रष्ट बनाएर उत्तरी क्षेत्रबाट नेपाली नागरिकताको नक्कली कागजात बनाउने काममा संलग्न सुन तस्करीलगायत नेपाल भित्रका विभिन्न आपराधिक गतिविधिमा संलग्न रहेको खुलासा गरेका छन् ।

सुरक्षा अधिकारीहरूले यी चिनियाँ नागरिकहरूको कार्यले आगामी वर्षहरूमा उत्तरी क्षेत्रका लागि सम्भावित जनसांख्यिकीय खतरा निम्त्याउने दाबी गरेका छन्।

नेपाल र भारतबीचको सन् १९५० को शान्ति तथा मैत्री सन्धिमा उल्लिखित प्रावधानको फाइदा उठाउँदै नक्कली नेपाली कागजपत्रमा सशस्त्र यी अवैध चिनियाँ व्यक्तिले भारतमा सरकारी सेवालगायत विभिन्न क्षेत्रमा रोजगारी पाउन खोजेको देखिएको छ ।

चिनियाँ अपराधीहरूको घुसपैठले सर्वसाधारण नेपाली नागरिकमाथि छानबिन बढेको हुनसक्ने सुरक्षा स्रोतहरूले जोड दिएका छन्, किनभने यी अपराधीहरू अनलाइन ठगीलगायत विभिन्न गैरकानूनी गतिविधिमा म्यानमार जस्ता क्षेत्रमा तस्करीमा फसेका छन्।

जवाफमा, सुरक्षा अधिकारीहरूले मधेसका जनतालाई राष्ट्रिय सुरक्षाको रक्षा गर्न र यी घुसपैठहरूद्वारा आयोजित सम्भावित आपराधिक गतिविधिहरूलाई रोक्न तराई-मधेश क्षेत्रमा चिनियाँ व्यक्तिहरूको प्रवेशको सक्रिय रूपमा विरोध गर्न आग्रह गर्छन्।

# अबौं मुल्यका चिनियाँ विमान फोहोर जस्तै बिक्दैनन्

काठमाडौं । नेपाल वायुसेवा निगमले दोस्रो पटक लिलामीका लागि राखेका पाँच चिनियाँ विमानका लागि प्रस्ताव नआएपछि मंगलबार पुनः ग्लोबल टेण्डर आह्वान गरिएको छ ।

यी विमानहरू जंकयार्ड मूल्यमा पनि बेच्न नसक्ने अवस्था सिर्जना भएको छ। यी विमान खरिदका लागि कुनै पनि कम्पनीले प्रस्ताव नगरेपछि निगमले व्यक्ति वा संस्थालाई फागुन २१ गतेसम्म बोलपत्र बुझाउन पुनः सूचना जारी गरेको हो ।

अर्थ मन्त्रालयको स्वीकृतिपछि निगमले यी विमान बिक्रीका लागि दोस्रो पटक अन्तर्राष्ट्रिय रूपमा बोलपत्र आह्वान गरेको थियो ।

करिब साढे तीन वर्षदेखि त्रिभुवन विमानस्थलमा यी विमान 'ग्राउन्ड' छन् ।

पाँचवटा विमानको हालको मूल्याङ्कनका आधारमा ३८ करोड रुपैयाँ तोकिएको छ । "यो जंकयार्ड मूल्य हो," निगम स्रोतले भन्यो। "यी विमानहरू सञ्चालनमा आएको भए मूल्य अलि बढी हुन्थ्यो तर लामो समयदेखि ग्राउन्ड भएकाले हामीले जंकयार्ड मूल्यमा बेच्नुपर्छ।"




## अमेरिकी डलरसहित चिनियाँ नागरिक पक्राउ

काठमाडौं । अवैध रूपमा लुकाई छिपाई बाह्य मुलुकतर्फ लैजान अमेरिकी डलरसहित चिनियाँ नागरिक पक्राउ परेका छन् ।

१ सय दरको २ सय ५० थान गरी जम्मा २५ हजार अमेरिकी डलरसहित चिनियाँ नागरिक २९ वर्षीय CUI BINGCAN लाई आइतबार राति प्रहरीले पक्राउ गरेको हो ।

चाइना साउथर्नको उडानद्वारा काठमाडौंबाट चीनको गोन्जाउ जान लागेका उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय उडान तर्फको प्रस्थान ह्याण्ड ब्यागेज चेकिङ एरियामा जाँच गर्ने क्रममा उनको ब्यागभित्र उक्त डलर फेला पारी उनलाई पक्राउ गरेको छ ।

उनलाई आवश्यक अनुसन्धान एवम् कारवाहीको लागि राजश्व अनुसन्धान विभाग हरिहरभवन पुल्चोक ललितपुर पठाइने छ ।

## जिल्ला समाचार

### सडक निर्माणमा लापरवाही गर्ने ठेकेदार खोज्दै सांसद भगबती चौधरी फिल्डमा

सुनसरी । रणनीतिक सडक निर्माणमा ठेकेदारको लापरवाही देखेपछि सांसद भगबती चौधरीले फिल्डमै उत्रिएर अनुगमन गरेकी छन् । गृहजिल्ला रहेकी चौधरीले सुनसरी क्षेत्र नं. ३ मा पर्ने रणनैतिक सडक निर्माणमा ठेकेदारले ढिलासुस्तीसँगै लापरवाही गरेको देखेपछि सडक डिभिजन कार्यालय विराटनगरका प्रमुख राजेन्द्रप्रसाद साहलाई फिल्डबाटै सडकको गुणस्तरीयता कायम गर्न निर्देशन दिएकी हुन् । रणनीतिक सडकको चतरा नहरबाट एकम्बा-चाँदबेला-औरावनी-छिटाहा-चिमडी देखि अमडुवासम्मको सडक खण्डको इनरुवा चाँदवेला क्षेत्रमा निरीक्षण गर्दा साइड ड्रेन निर्माणमा लापरवाही गरिएको, एकनासले ड्रेन निर्माण नगरेको तथा दैनिक धुलो, हिलोले स्थानीयबासी प्रताडित भएको पाएपछि सांसद चौधरीले लापरवाही गर्ने ठेकेदारलाई कारवाही गर्न कार्यालय प्रमुख साहलाई निर्देशन दिएकी हुन् । 'म अहिले चाँदबेला मै छु, काम त राम्रो भएको छैन । ठेकेदारलाई बोलाएर सोध्नुस, अनुगमन गर्नुस् ।' चौधरीले सडक डिभिजन कार्यालयका प्रमुख साहलाई निर्देशन दिइन् । रणनीतिक सडकका लागि सांसद चौधरीले संघीय सरकारबाट बजेट विनियोजन गर्न ठूलै कसरत गरेकी थिइन् । गत आर्थिक वर्ष सांसद चौधरीकै प्रयासमा २० करोड रुपैंया विनियोजन भएको थियो भने, चालू आर्थिक वर्षका लागि १० करोड रुपैंया विनियोजन भएपनि सडक निर्माणको कामभने सुस्तगतीमा हुँदा स्थानीय आक्रान्त बनेका छन् । गत वर्षको फागुनदेखि बन्द रहेको सडक निर्माण कार्य केही दिन यता पुनः सूचारु भएपनि साईड ढलानमा लापरवाही र सुस्तगतीमा भइरहेको अनुगमनको क्रममा स्थानीयले सांसद चौधरीलाई जानकारी गराउँदै धुलो र हिलोले स्थानीयहरु सडकमा हिँड्नै नसक्ने अवस्था रहेको बताए । स्थानीय नेता कार्यकर्ता सहित क्षेत्रमा भइरहेका रणनीतिक सडक, पुल लगायत विकास निर्माणका कार्यहरुको अनुगमनमा रहेकी चौधरीले जनतालाई सास्ती नहुने गरी काम गर्न आयोजना प्रमुखलाई निर्देशन दिइन् । सो क्रममा प्रमुखले सडक निर्माणमा ठेकेदारबाट भएका लापरवाहीमा आवश्यक अनुसन्धान गरेर कारवाही गर्ने प्रतिबद्धता जनाए ।

### मटिहानी नगरपालिकाले बाँड्यो पोशाक

महोत्तरी । मटिहानी नगरपालिका वडा नं. १ को वडास्तरीय स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत श्री राष्ट्रिय माध्यमिक विद्यालय सिरसियामा अध्ययनरत छात्र छात्राहरुलाई विद्यालय पोशाक वितरण गरिएको छ । मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मण्डल र वडा नं. १ का वडा अध्यक्ष शिव शंकर रायले संयुक्त रुपमा बितरण गरेका छन् । उक्त कार्यक्रममा १७८ छात्र र १९० छात्रा गरी जम्मा ३६८ जना छात्र छात्राहरुलाई सो विद्यालय पोशाक वितरण गरिएको कुरा विद्यालयका प्र.अ. राम श्रेष्ठ ठाकुरले बताए । त्यसै अवसरमा उक्त विद्यालयको कक्षा ९ मा अध्ययनरत खुशी कुमारी रायले पोशाक पाएपछि खुशी ब्यक्त गरेकी छिन् । उक्त पोशाक वितरण कार्यक्रममा मटिहानी नगरपालिकाका शिक्षा शाखा प्रमुख चन्देश्वर साह, शिक्षक, शिक्षिका, अभिभावक लगायत विद्यार्थीहरुको उपस्थिति रहेको थियो ।

### वडा अध्यक्षको फर्जी विवाहको सिफारिसमा मेयरले सक्कली चेक दिन खोज्दा...

रौतहट । रौतहटको मौलापुर नगरपालिका वडा नं. ९ मा फर्जी विवाहका लागि नगरपालिकाबाट आर्थिक सहयोग लिने प्रयास असफल भएको छ । मौलापुर नगरपालिकाले विवाह गर्ने उमेर पुगेका छोरीका परिवारलाई पालिकाबाट ३० हजार आर्थिक सहयोग गर्दै आएको छ । मौलापुरकी मेयर रिनाकुमारी साहको पहलमा ञअसहायके साथ मेयरझ कार्यक्रम विगत लामो समयदेखी कार्यान्वयन हुदै आएको छ । यस योजनाबाट सयौं परिवारले लाभ लिईसकेको छ । वडाको सिफारिसमा पालिकाले निर्णय गरेर सो आर्थिक सहयोग गर्दै आएको छ । सोही क्रममा मौलापुर नगरपालिका-९ का वडा अध्यक्ष श्यामकिशोर साहले सोही ठाउँ निवास महिन्द्रराय यादवको छोरी सन्जु कुमारीको विवाह हुदै गरेकाले पालिकाको निर्णय अनुसार सो अनुदान सहयोग उपलब्ध गराई दिन सिफारिस गरेका थिए । वडा अध्यक्ष साहले गत पुस १८ गतेको मितिमा सो सिफारिस पालिकामा गरेका थिए । माघ २५ गते यादवको छोरी सन्जुको विवाह रौतहट जिल्लाको बृन्दावन नगरपालिका बौहरी निवासी ब्रह्मदेव राय यादवको छोरासंग विवाह भईरहेकाले पालिकाबाट दिइदै आएको ३० हजार आर्थिक सहयोग उपलब्ध गराई दिनका लागि वडा अध्यक्ष साहले सिफारिस गरेका थिए । वडा अध्यक्ष साहको सिफारिसका आधारमा पालिकाको निर्णयबाट सो रकम दिने भनेर निर्णय पनि भयो । लेखापालले ३० हजार बराबरको चेक पनि सन्जुका वुवा महिन्द्रको नाममा काटियो । तर जब सो चेक लिएर मेयर रिना साह महिन्द्रको घरमा पुगि अनि झसङ परिन् । महिन्द्रको घरमा कुनै विवाह नै छैन् । वडा अध्यक्षले फर्जी सिफारिस गरी सो रकम आफै लिएर खान खोजेको देखियो । अनि मेयर साहले सो चेक लिएर पालिका फर्किन् । वडा अध्यक्षले फर्जी विवाहको सिफारिस गरी नगरपालिकाले उपलब्ध गराउँदै आएको आर्थिक सहयोग खानखोजेपछि स्थानीयले विरोध गरेका छन् । उनीहरुले वडा अध्यक्ष साहलाई कारवाहीको माग समेत गरेका छन् । सर्वसधारण, गरिव परिवारलाई नगरपालिकाले गर्दै आएको सहयोग रकम हिनामिना गर्न फर्जी सिफारिस गर्ने वडाअध्यक्षलाई कडा कारवाही हुनुपर्ने माग स्थानीयले गरेका हुन् ।

### नेपाली कांग्रेस लुम्बिनी प्रदेशले बुझायो मुख्यमंत्री चौधरीलाई १४ बुंदे ज्ञापनपत्र

दाङ । नेपाली कांग्रेस लुम्बिनी प्रदेश समितिले 'समुदायमा कांग्रेस' अभियानबाट प्राप्त सुझावहरु समेटेर लुम्बिनी प्रदेश सरकारलाई ज्ञापन पत्र बुझाएको छ । अभियानमा खटिएको टोलीले लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीलाई मंगलबार उनको प्रदेश कार्यालय राप्ती उपत्यका भालुवाङस्थित उनकै कार्यालयमा बुझाएको हो । ज्ञापन पत्रमा बाटोघाटो, सिचाई,खानेपानी,रोजगारी,गुणस्तरीय शिक्षा तथा सुशासनको ब्यबस्था,रुकुम पूर्वमा द्वन्द्वकालमा लुटिएका सम्पत्ति अझै फिर्ता नभएको,बैंकबाट लुटिएको सुन वापत क्षतिपूर्ति प्राप्त नभएको भन्दै पूर्वी रुकुममा भरपर्दो ईन्टरनेटको ब्यबस्था गर्न माग गरिएको छ। त्यस्तै रोजगारीको अभावमा ठुलो संख्यामा युवाहरु विदेशीइ रहेकाले उद्यमशीलता विकास गर्न रोजगारमूलक तालिम तथा निंब्याजी ऋण प्रदान गर्नुका साथै उत्पादित सामग्रीको बजार ब्यवस्थापन गर्न माग गरिएको छ । त्यस्तै, अर्घाखांचीका किसानको चिस्यान केन्द्रमा राखिएको झण्डै १ करोड रुपैया बराबरको सुन्तला कुहिएकाले मर्कामा परेका किसानहरुलाई क्षतिपूर्ति दिन, प्युठान, अर्घाखांची लगायतका जिल्लामा शुरु गरिएको 'एक घर एक धारा' अभियान अन्तर्गत सरकारी तथा स्थानीय समुदायले पुरा गरेको कामको अझै भूक्तानी हुन नसकेकाले तत्काल भूक्तानी गर्न,किसानका लागि समयमै मलखाद,बिउबिजनको ब्यबस्था गर्न तथा सिंचाईको समस्या रहेको जिल्लाहरुमा सिचाईको ब्यबस्था गर्न माग गरिएको छ। लुम्बिनी प्रदेश अन्तर्गत पहाडी जिल्लाहरुमा संचालित अधिकांश क्याम्पस भवनहरु जिर्ण अबस्थामा रहेकाले तिनको मर्मतसम्भार र पुर्ननिर्माणका साथै प्राध्यापकहरुको तलवको सुनिश्चता गर्न साथै पाल्पाको भगवती मन्दीर,रानीमहल लगायतका पर्यटकीय महत्वका केन्द्रहरुको संरक्षण गरि प्रचार प्रसार गर्न पनि नेपाली काग्रेसले मुख्यमन्त्री चौधरीसँग माग गरेको छ । ज्ञापनपत्रमा महिला हिंसा,बालविवाह तथा दाइजो प्रथा नियन्त्रण गर्न,जंगली जनावरहरु निलगाई तथा बँदेल नियन्त्रण गर्न, जीर्ण सडकहरुको मर्मत सम्भार गर्न तथा लुम्बिनी प्रदेशमा संचालित मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रमलाई निरन्तरता दिन माग गरिएको छ। मुसिकोट नगरपालिकामा निर्माणाधिन खोलाले बगाएकाले त्यस पुलको पुनर्निर्माण गर्न, प्रदेश निजामति नियमावली र स्थानीय सरकार अन्तर्गत स्थानीय सेवा ऐन तत्काल ल्याउन पनि माग गरिएको छ । त्यस्तै साना तथा मझौला उद्यमीहरुलाई प्रोत्साहन गर्नुका साथै बिना झन्झट ब्यापार ब्यबसाय गर्ने वातावरण निर्माण गर्न पनि माग गरिएको छ। लुम्बिनी प्रदेशको पाल्पा,गुल्मी,अर्घाखाची,रुकुम पुर्व,कपिलबस्तु,नवलपरासी,प्युठान र दाङ जिल्लाको जिम्मेवारी पाएकी कांग्रेस केन्द्रीय सदस्य डा डिला संग्रौलाको नेतृत्वमा नेपाली कांग्रेस लुम्बिनी प्रदेशका उपसभापति भुवन प्रसाद श्रेष्ठ,महामन्त्री बिक्रम खनाल, सहमहामन्त्री बिष्णु खनाल र सहमहामन्त्री निमा गिरी रहेका थिए। ज्ञापन पत्र बुझदै मुख्यमंत्री चौधरीले पार्टीले सञ्चालन गरेको अभियानबाट नागरिकको भावना र आवश्यकता समेटिएको र प्रदेश सरकारले ज्ञापनपत्रमा समेटिएका बुँदाहरुलाई सम्बोधन गर्ने प्रतिबद्धता जनाए । साथै प्रदेश तहबाट गरिने कामलाई प्राथमिकतामा राख्ने र संघिय सरकारबाट गर्नुपर्ने सवालमा सिफारीस गर्ने पनि चौधरीले बताए ।

# अन्तर्राष्ट्रिय सम्बन्ध समितिको टोलीद्वारा उत्तर प्रदेशका मुख्यमन्त्री र राज्यपालसँग भेट





काठमाडौं । प्रतिनिधिसभाअन्तर्गतको अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिको टोलीले भारतको उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ र राज्यपाल आनन्दीबेन पटेलसँग शिष्टाचार भेटवार्ता गरेको छ । मंगलबार समितिको टोलीले मुख्यमन्त्री योगीलाई लखनउस्थित् उनकै निवासमा भेटवार्ता गरेको हो। भेटवार्तामा दुई देशबीचको आपसी सहयोग र सद्भावका विषयमा छलफल भएको बताइएको छ।

यस्तै, प्रदेश राज्यपाल पटेलसँग नेपालका विश्वविद्यालयसँग एमओयूमा हस्ताक्षर गरेका उत्तर प्रदेशका विश्वविद्यालयले आपसी शैक्षिक आदानप्रदान, भाषा अध्यापन, विद्यार्थीहरूको शैक्षिक भ्रमण प्रवर्द्धनलागयतका विषयमा छलफल भएको राज्यपाल पटेलको सचिवालयले जनाएको छ।

राज्यपाल पटेलको तर्फबाट समितिका सदस्यहरूलाई पुस्तक र मायाको चिन्ह उपहार प्रदान गरिएको उनको सचिवालयले जनाएको छ। समितिको टोलीमा सभापती राजकिशोर यादवसहित सुनीता बराल, छिरिङबहादुर ल्हामु लामा तामाङ, सम्झना थपलिया, योगेश गौचन, हरि उप्रेती, शिशिर खनाल र गंगाराम चौधरी रहेका छन्।

# नेपाल र भारतका खेलकुदमन्त्रीबीच भेटवार्ता



काठमाडौं । नेपालका खेलकुदमन्त्री दिगबहादुर लिम्बु र भारतका समकक्षी अनुराग सिंह ठाकुरबीच भेटवार्ता भएको छ । ७ देखि ९ फेब्रुअरी २०२४ सम्म दिल्लीमा हुने विमस्टेक एक्वाटिक्स च्याम्पियनसिपअघि दुई देशका समकक्षीबीच भेटवार्ता भएको हो । भेटमा दुवै राष्ट्रको युवा शक्तिलाई सदुपयोग गर्दै खेलकुदका क्षेत्रमा साझेदारीका अवसरबारे छलफल भएको बताएको छ । भारत सरकारको सूचना तथा प्रसारण तथा युवा मामिला तथा खेलकुद मन्त्री समेत रहेका ठाकुरले सामाजिक सञ्जाल एक्स मार्फत ट्विट गर्दै भनेका छन् ।

# गोवा-नेपालबीचको बृहत्तर सांस्कृतिक आदानप्रदान



काठमाडौं । भारतको गोवा सरकारका पर्यटन, सूचना प्रविधि तथा मुद्रण तथा स्टेशनरी मन्त्री रोहन खौंतेले गोवामा नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटनसम्बन्धी संसदीय समितिका पदाधिकारीहरुसँग भेटवार्ता गरेका छन् ।

सो भेटमा गोवा-नेपालबीचको बृहत्तर सांस्कृतिक आदानप्रदान र पर्यटकीय प्रवाहका बारेमा छलफल भएको हो । गोवा पर्यटन विभागले 'गोवा बियन्ड बिच' पहल बारे जानकारी गराएको थियो । प्रतिनिधिमण्डलले प्रतिष्ठित अगुआडा फोर्टको पनि भ्रमण गरेको थियो र फोर्ट परिसरमा गोवाको इतिहास, जनता र सांस्कृतिक सम्पदाको डिजिटलाइजेशनको साक्षी भएको हो ।

## गणतन्त्रवादी...

गराउँदै यसका विरुद्ध सम्पूर्ण गणतन्त्रवादी बौद्धिकवर्ग, युवा, विद्यार्थी, मजदूर-किसान, व्यवसायी र नागरिक समाजका सबै अंगलाई आ-आफ्नो सतरबाट सक्रियताका साथ अग्रसर हुन अपील गर्दछौं ।' तराई-मधेशको राजनीतिक चेतना र संघर्षको निमित्त प्रसिद्ध जनकपुरधामबाट यसरी गणतन्त्रको पक्षमा संगठित आवाजलाई विश्लेषकहरु महत्वपूर्ण मानेका छन् ।

## संघीयता...

सभामुख रामचन्द्र मण्डलको अध्यक्षतामा भएको वार्षिकोत्सव समारोहमा प्रतिपक्षी दल नेकपा एमाले मधेश प्रदेश संसदीय दलका उपनेता दिपेन्द्र ठाकुर, लोकतान्त्रिक समाजवादी पार्टीका संसदीय दलका उपनेता उपेन्द्र महतो, जनमत पार्टीका सांसद अनिता साह, नेकपा माओवादीका सांसद माला कर्ण, नेपाल संघीय समाजवादी पार्टीका सांसद बिमला अंसारी, नागरिक उन्मुक्ति पार्टीका सांसद उर्मिला देवी सिंह, जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज साह, जिल्ला समन्वय समितिका प्रमुख राजनन्दन मण्डल लगायतले शुभकामना मन्तव्य राखेका थिए । उपसभामुख बबिता कुमारी राउत इशरले स्वागत मन्तव्य राखेको सो समारोहमा निबन्ध प्रतियोगितामा उत्कृष्ट भएका छात्रछात्रालाई पुरस्कृत तथा सम्मानित गरिएको थियो ।

## डा.अहिराज...

हाम्रो सनातन परम्परा अनुशरण गर्दै कार्यक्रममा प्रमुख अतिथि बनाइनु भएका पूर्व प्रधानाध्यापक शम्भु प्रसाद घिमिरेले शिक्षाप्रति सरकारको व्यवहारले हाम्रो शिक्षाको स्तर कमजोर भएकोमा खिन्नता व्यक्त गरे । राष्ट्र निर्माताका नाममा छात्रवृत्ति कोष स्थापना भएकोमा खुशी व्यक्त गर्दै क्याम्पसका अध्यक्ष गिरिराज संग्रौलाले शिक्षामा आफूले गरेको सानो योगदान सार्थक भएको बताउनुभयो । अध्यक्ष संग्रौलाको सभापतित्वमा सम्पन्न कार्यक्रमको उद्घाटन तुलसीमा जल अर्पण गरी नवीन शैलीबाट गरिएको थियो ।

सुरक्षित बसोबास । सुलभ आवास ॥ सफा, हरियाली स्वच्छ वातावरण । सकारात्मक सोचाई, उच्च नैतिक आचरण ॥ सानो परिवार । समृद्ध घरवार ॥ राष्ट्रिय आवास कम्पनीको मूल आधार ॥।

महाप्रबन्धक

राष्ट्रिय आवास कम्पनी लि.

बुद्धनगर, काठमाडौं

आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं

- भ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्नुभन्दा अगाडि आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौं, गर्नै परेमा भेन्टिलेसन खुला राखौं ।

भ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यानसमेत जान सक्दछ ।

नेपाल सरकार

विज्ञापन बोर्ड




पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, का. सम्पादक : रामसुकुल मण्डल, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं